CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

६६

पूर्णाङ्क

संशोधन–मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

१७ वर्ष २ अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. १५।–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. लिच्छविकालको एउटा अभिलेखमा परेको किरातवर्षधर भन्ने शब्दको विषयमा
– महेशराज पन्त १–२६
२. नपुंसकको अर्थमा शण्ड, शण्ढ, षण्ड, षण्ढ यी चारै रूप कोषमा चढेका छन्
– महेशराज पन्त २७–३१
३. पाल्पाली राजा गन्धर्व सेनको अप्रकाशित पत्र
– दिनेशराज पन्त ३२
४. श्री ५ पृथ्वीनारायण शाहको नीतिज्ञताको थप उदाहरण
– दिनेशराज पन्त ३३–३६
५. पाल्पाली राजा महादत्त सेनले रणमर्दन सेनलाई फज्याइँ भारा दिई वि. सं. १८४५ मा गरिदिएको ताम्रपत्र
– महेशराज पन्त ३६–३९
६. वि. सं. १९०० मा पुच्छ्रे तारा देखिएको कुरा परेको अप्रकाशित पत्र
– दिनेशराज पन्त ३९–४०

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
२	२४	लाएका	लागेका
४	११	थाहाभएको	थाहा भएको
६	१९	टीकासर्वस्व	टीकासर्वस्व
७	८	३१ पादटिप्पणी	३३ पादटिप्पणी
७	२६	३१ पादटिप्पणी	३३ पादटिप्पणी
८	८	स्वास्नीमान्छे लोग्ने- मान्छेको वा	स्वास्नीमान्छे वा लोग्नेमान्छेको
८	२५	छैन।	छैन।]
९	७/८	लोग्नेमान्छे स्वास्नी- मान्छे दुवैमा भएको नपुंसकमा	स्वास्नीमान्छे वा लोग्नेमान्छेको चिह्न भएको नपुंसकमा
१२	३	टीकसर्वस्वमा	टीकासर्वस्वमा
१३	२८	हेभरत वंशी	हे भरतवंशी
१४	१५	पूर्वभाग,	पूर्वभाग।
१४	१९	पूर्वभाग ४०२	पूर्वभाग। ४०२
१५	१	क्षमेन्द्र	क्षेमेन्द्र
१५	११	आश्वास पहिलो	आश्वास। पहिलो
१७	२	माथि	माथि
१७	२४	अधिकरणको	अधिकरणको
१८	१४	अनुअरण	अनुसरण
१८	१५	गर्छन्।	गर्दछन्।
१९	७	वर्णन अनुसार	वर्णनअनुसार
१९	२१	पुर्ननिमाण	पुनर्निर्माण
२०	२२	जान्छ।	जान्छ।]
२२	१२	उठ्छ।	उठ्छ।]
२३	२	व्यमिचार	व्यभिचार
२३	३२	बट	बट्
२३	३२	यूनीक	यूनीक्
२४	८	थिए कुरा	थिए भन्ने कुरा
२४	१९	नेपाल	नेपाल्
२४	२०	किरात	किरात-
२४	२१	किरात-	किरात
२५	१४	बट	बट्
२६	३	रेग्मोजीको	रेग्मीजीको
२६	११	सिलासिलामा	सिलसिलामा
२८	२८	(४० पृष्ठ)	(५० पृष्ठ)
३०	२९	अमरसिंह लेबनाएको	अमरसिंहले बनाएको
३१	१२	षण्ढ(१२७ पृष्ठ)।	षंढ (१२७ पृष्ठ)।
३४	१७	पत्रवाट	पत्रबाट
३४	१९	तोषाखानाका	तोशाखानाका
३६	१४	अर्ड्इएन्न्ट्अल्	अर्ड्इएन्ट्ल्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिच्छविकालको एउटा अभिलेखमा परेको किरातवर्षधर भन्ने शब्दको विषयमा

—महेशराज पन्त

एक

वि. सं. २०३० मा निस्केको, गुरु धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख* भन्ने पुस्तकमा हनूमान्ढोकामा देगुतलेको मन्दिरको पेटीको एउटा ढुङ्गामा कुँदिएको अभिलेख पनि छापिएको छ। त्यस अभिलेखको पाठ धनवज्र गुरुले यसरी पढ्नुभएको छ—

१. विविधशकुन्तपशु ... ङकृतयुद्धरुह ... ... तक किरातवर्षधर . . करः . यः
२. चिरन्तनं लिच्छविराजकारितं पुरातनैर्व्वृ त्तिभटैरुपेक्षि(तं)
३. ... ... रुहः
४. ... ...क्षेत्रम् भग्नक
५. ... ... पुनः पुनर्व्वसुः ॥[१]

धनवज्र गुरुले गर्नुभएको यस अभिलेखको नेपाली उल्था यस प्रकारको छ—

> अनेक थरी चरा पशुहरू हुङ्कार गरी जुध्ने ठाउँ बनेको ... किरात ... लिच्छविराजाले बनाएको पुरानो (दरवार)'वृत्ति (जागीर) पाएका पुराना सैनिकहरूले वास्ता नगर्दा (जीर्ण हुन थाल्यो ।) .... खेत भग्न भएको .... फेरि पुनर्वसु नक्षत्र ...... ।[२]

वि. सं. २०३० मै सहपाठी गौतमवज्र वज्राचार्यले लिच्छविकालका दशवटा अभिलेख *कैलाश* पत्रिकामा छपाउनुभयो। तीमध्ये देगुतलेको मन्दिरको पेटीको सो अभिलेख पनि त्यहाँ परेको छ। गौतमवज्रको पाठ धनवज्र गुरुले पढ्नुभएको पाठभन्दा केही फरक छ। यसैले गौतमवज्रको पाठ पनि यहाँ दिनुपरेको छ—

---

१. वि. सं. २०३० मा काठमाडौँबाट त्रिभुवन–विश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख*को ३७४ पृष्ठ (९१ सङ्ख्याको अभिलेख)।

२. उही।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१. विविधशकुन्तपशु ×× ङकृतवृद्धरुहः ××क किरातवेषधर ×××××करोः य
....
२. चिरन्तनं लिच्छविराजकारितम् पुरातनैर्वृत्तिभटैरुपेक्षि ....
३. .... रुहः
४. ....क्षेत्रम् भग्नक
५. .... पुनः पुनर्व्वसुः ।।[३]

गौतमवज्रले गर्नुभएको यस अभिलेखको अङग्रेजी उल्था यस्तो छ—

... डिफरन्ट् काइन्ड्ज् अफ् बर्ड्ज् यान्ड् बीस्ट्स् ... ओल्ड् ट्रीज् ... वेर्इङ द ड्रेस् अफ् द किरातज् ... कन्स्ट्रक्टइङ् बाइ दि ओल्ड् लिच्छवि किङ्ज्, निग्लेक्टइड् बाइ दि ओल्ड् प्रफेस्नल् सोल्जर्ज्, ... ग्रोन् ... फील्ड् ब्रोक्न् ... अगेन् पुनर्वसु प्ल्यान्इट् ।[४]

[नानाथरीका चरा र पशु ... पुराना रूख ... किरातका वेष धारणा गर्ने ... अघिका लिच्छवि राजाहरूले बनाएको, पुराना पेशेवर सिपाहीहरूले वास्ता नराखेको, ... बढेको ... खेत भत्केको ... फेरि पुनर्वसु नक्षत्र ।]

गौतमवज्रले फेरि वि. सं. २०३३ मा आफ्नो *हनूमान्ढोका राजदरबार*मा यो अभिलेख मूल ग्रन्थमा र परिशिष्टमा गरी दुइ ठाउँमा छपाउनुभएको छ। मूल ग्रन्थमा छापिएको त्यस अभिलेखको टिप्पणीमा *कैलाश* पत्रिकामा छापिएको पुरानो पाठ नै यो पाठ हो भनी उहाँले देखाउनुभएको छ[५] तापनि कहीँ कहीँ उहाँको पुरानो पाठसँग नयाँ पाठ मिल्न नगएको कुरा दाँजेर हेर्दा स्पष्ट देखिन्छ। यसो भए तापनि ती दुइ पाठमा त्यति ठूलो फरक छैन भन्ने कुरा यहाँनिर सम्झनुपरेको छ—

... विविधशकुन्तपशु...ङकृतवृद्धरुहः...ककिरातवेषधर ... करः यः चिरन्तनं लिच्छविराजकारितं पुरातनैर्व्वृत्तिभटैरुपेक्षि(तं) ... रुहः ... क्षेत्रम् भग्नक ... पुनः पुनर्व्वसुः ।।[६]

---

३. वि. सं. २०३० मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित *कैलाश*को पहिलो वर्षका ११७–१३३ पृष्ठमा छापिएको गौतमवज्र वज्राचार्यको *रीसन्ट्लि डिस्कभ्अर्ड् इन्स्क्रिप्शन्ज् अफ् लिच्छवि नेपाल्* (लिच्छविकालको नेपालका हालै पत्ता लाएका अभिलेख) भन्ने निबन्ध, सो वर्षको १२६ पृष्ठ (५ सङख्याको अभिलेख)।

४. उही।

५. वि. सं. २०३३ मा काठमाडौँबाट त्रिभुवन-विश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *हनूमान्ढोका राजदरबार*को ९ पृष्ठ।

६. उही।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उहाँले त्यस अभिलेखको नेपाली उल्था पनि गर्नुभएको छ । सो यस प्रकारको छ—

> ... नानाथरी चरा र पशु... बढेका रूखहरू ... किरातका वेष धारणा गर्ने ... अघिका[७] लिच्छवि राजाहरूले बनाएको पुराना वृत्ति (जागीर) खुवाएर राखेका सिपाहीहरू बस्न छोडेको ... रूखहरू ... खेत भत्केको ... फेरि पुनर्वसु नक्षत्र ।[८]

यस अभिलेखलाई *कौटलीय अर्थशास्त्र*को परम्परासँग जोड्न सकिने भएकोले यसमा मैले अहिले चाख देखाएको हुँ । यस कारण यस निबन्धमा सबै किसिमबाट यस अभिलेखको परिशीलन गर्ने विचार मेरो छैन । यहाँ खालि पहिलो पङ्क्तिको एक शब्दको विषयमा मात्र मैले आफूलाई अल्झाएको छु ।

यस अभिलेखको पहिलो पङ्क्तिमा एक ठाउँमा आएको एउटा शब्द धनवज्र गुरुले *किरातवर्षधर* र त्यही शब्द गौतमवज्रले *किरातवेषधर* भनी पढ्नुभएको कुरा माथि उद्धरण गरिएका उहाँहरूका लेखबाट स्पष्ट हुन्छ । त्यस्तै धनवज्र गुरुले *किरातवर्षधर*को उल्था गर्न बस्दा *वर्षधर* शब्दको अर्थ नै नगर्नुभएको र गौतमवज्रले चाहिँ *किरातवेषधर*को अर्थ किरातका वेष धारणा गर्ने भनी गर्नुभएको कुरा पनि माथि उद्धरण गरिएका, उहाँहरूका लेखबाट नै स्पष्ट हुन्छ । यसरी दुइ जनाको दुइ थरी पाठ र त्यसबाट अर्थमा पर्न गएको फरक श्रीथियोडोर रिकार्डीले आफ्नो एउटा लेखमा यसरी औँल्याउनुभएको छ—

---

७. गौतमवज्रले अङ्ग्रेजीमा कन्स्ट्रक्टइड् बाइ दि ओल्ड् लिच्छवि किङ्ज् [अघिका लिच्छवि राजाहरूले बनाएको] र नेपालीमा अघिका लिच्छवि राजाहरूले बनाएको भनेर लेख्नुभएको छ । यताबाट, लिच्छवि राजाले बनाएको [लिच्छविराजकारितं] कुनै वस्तुको विशेषण भएर आएको पुरानो [चिरन्तनं] पदलाई उहाँले लिच्छवि राजाको विशेषण बनाउनुभएको स्पष्ट देखिन्छ । यो अशुद्ध हो ।

८. *हनूमान्ढोका राजदरबार*को ९ पृष्ठ ।

अाश्चर्य लाग्ने कुरा के छ भने *हनूमान्ढोका राजदरबार*को परिशिष्टमा यस अभिलेखको जुन पाठ छापिएको छ, त्यो पाठ गौतमवज्रको *कैलाश*मा वा *हनूमान्ढोका राजदरबार*को मूल ग्रन्थमा छापिएको पाठसँग नमिली धनवज्र गुरुको *लिच्छविकालका अभिलेख*मा छापिएको पाठसँग हूबहू भने जस्तै मिल्छ—

> १. विविधशकुन्तपशु .... ङकृतयुद्धरुह .... तककिरातवर्षधर .... करः यः
> २. चिरन्तनं लिच्छविराजकारितं पुरातनंव्वृ त्तिभटैरुपेक्षि(तं)
> ३. .... रुह
> ४. .... क्षेत्रम् भग्नक
> ५. .... पुनः पुनर्व्वसुः ।।

(*हनूमान्ढोका राजदरबार*को १९५ पृष्ठ (परिशिष्ट १ संख्या) ।

गौतमवज्रले आफ्नो पुरानो पाठको संशोधन गरी धनवज्र गुरुको पाठ सकारेको सूचना कहीँ नदेखेकोले यसरी एउटै पुस्तकमा दुइ थरी पाठ किन देखिए भन्ने प्रश्न सो पुस्तक पढ्नेको मनमा सहजै उठ्न जान्छ तापनि उत्तरचाहिँ सहजै मिल्न सक्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

... द वर्ड् *किरात* अकर्ज् इन् नेपालीज् इन्स्क्रिप्शन्ज् ओन्लि वन्स् इन् ए शर्ट् फ्याग्मन्ट् पब्लिश्ड् अरिज्इनल्लि बाइ गौतमवज्र वज्राचार्य इन् "रीसन्ट्लि डिस्कभर्ड् इन्स्क्रिप्शन्ज् अफ् लिच्छवि नेपाल्", *कैलाश्*, १, २(१९७३) पीपी. ११७–१२४। इट् इज् नट् नोन् ह्वेदअर् द रेफ्रन्स् इज् टु ए स्पिसिफ्इक् ट्राइब् अर् पीप्ल् अर् ह्वेदअर् द टर्म् यूज्ड् इन् इट्स् जेन्अरअल् सेन्स् अफ् "माउन्टिन् स्याभ्इज्।" जी. वज्राचार्य रीड्ज् *किरातवेशधर* यान्ड् ट्रान्स्लेट्स् "वेर्इङ द ड्रेस् अफ् ए किरात"[९]; ध्. वज्राचार्य (इन्स्क्रिप्शन् ९१, पी. ३७४) रीड्ज् *किरातवर्षधर* बट् अफ्अर्ज् नो ट्रान्स्लेशन्।[१०]

[किरात शब्द नेपाली अभिलेखहरूमा एक पटक मात्र आएको छ। त्यो, वि. सं. २०३० मा *कैलाश*को पहिलो वर्षको दोस्रो अङ्कका ११७–१२४ पृष्ठमा[११] छापिएको रीसन्ट्लि डिस्कभ्अर्ड् इन्स्क्रिप्शन्ज् अफ् लिच्छवि नेपाल् (लिच्छविकालको नेपालका हालै पत्ता लाएका अभिलेख) मा गौतमवज्र वज्राचार्यले पहिलो पटक छपाएको छोटो खण्डित अभिलेखमा आएको हो। त्यो चर्चा खास जाति वा रैतीको सम्बन्धमा आएको हो कि "पहाडिया जङ्गली" भन्ने सामान्य अर्थमा यस शब्दको प्रयोग भएको हो, यो थाहा भएको छैन। गौतमवज्र वज्राचार्यले *किरातवेशधर*[१२] भनी पढ्नुभएको छ र "किरातको वेष धारणा गर्ने" भनी उल्था गर्नुभएको छ; धनवज्र वज्राचार्य (९१ सङख्याको अभिलेख, ३७४ पृष्ठ) ले *किरातवर्षधर* भनी पढ्नुभएको छ, उल्था भने दिनुभएको छैन।]

वि. सं. २०४० मा निस्केको श्रीडिल्लीरमण रेग्मीको *प्राचीन नेपालका अभिलेख* भन्ने पुस्तकमा पनि यो अभिलेख छापिएको छ। मेरो पाठ धनवज्रको पाठभन्दा एक ठाउँमा मात्र फरक छ भनी रेग्मीजीले लेखे तापनि संस्कृत सार्ने योग्यतासम्म पनि हासिल नगरी संस्कृतमा लेखिएका अभिलेख सम्पादन गर्ने आँट रेग्मीजीले गर्नुभएकोले उहाँको पाठ विचित्रको हुन गएको छ। यसो भए तापनि उहाँले पनि *वर्षधर* नै पाठ छपाउनुभएको छ—

१ विविधशकुन्तप ··· ङकृतयुद्धरूह ······ तक किरानवर्षधर ····· कर: य: ·····

२ चिरन्तनं लिच्छविराजकारितं [पुरा] तनै र्वृत्तिभ' ट्टं' रूपे [क्षितम]

९. गौतमवज्रको लेखाइमा वेर्इङ द ड्रेस् अफ् द किरातज् (*कैलाश*को पहिलो वर्षको १२६ पृष्ठ) छ।

१०. वि. सं. २०३७ मा दिल्लीबाट बी. आर. पब्लिशिङ कर्पोरेशनद्वारा प्रकाशित, अवधकिशोर नारायणद्वारा सम्पादित स्टड्इज् इन् *हिस्टरि अफ् बुड्इज्म्* (बौद्ध धर्मको इतिहासको परिशीलन) मा छापिएको, थियोडोर रिकार्डी, जूनियरको *बुड्इज्म् इन् एन्शन्ट् यान्ड् अर्लि मेड्इईभल् नेपाल्* (प्राचीन र पूर्वमध्यकालिक नेपालमा बौद्ध धर्म) भन्ने निबन्ध, सो ग्रन्थको २७७ पृष्ठ।

११. वास्तवमा गौतमवज्र वज्राचार्यको सो लेख *कैलाश*को पहिलो वर्षको दोस्रो अङ्कका ११७–१३३ पृष्ठमा छापिएको छ।

१२. गौतमवज्रको पाठ भनी रिकार्डीले *किरातवेशधर* दिए तापनि गौतमवज्रले मुर्धन्य ष नै पढी *किरातवेषधर* पाठ छपाउनुभएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ .... रूहः
४ .... क्षेत्रम्भगनक
५ .... पुनः पुनर्व्वसुः ।।

१. डीभी वृंत्तिभटं रूपेक्षित ।[१३]
[धनवज्र वज्राचार्य– वृंत्तिभटं रूपेक्षित]

यसरी एउटै शब्द *किरातत्रर्षधर* वा *किरातवेषधर* भनी पढेको देखिएकोले शुद्ध पाठ निर्णय गर्नु आवश्यक हुन आएको छ ।

हुनत श्रीगौतमवज्र वज्राचार्य[१४], श्रीमेरी शेफर्ड स्लसर[१५] र श्रीडिल्लीरमण रेग्मीले[१६] आआफ्ना कृतिमा यस अभिलेखको तसवीर छपाइदिनुभएको छ। तर यस खण्डित अभिलेखको तसवीर ती तीनै कृतिमा त्यति स्पष्ट नआएकोले तिनको आधारमा पाठनिर्णय गर्न मलाई गाह्रो पऱ्यो । यसैले यस अभिलेखका सम्पादकहरूले दिएको यस अभिलेखको चिनारीको अनुसरण गर्दै मूल ढुङ्गामै पुगेर पाठनिर्णय गर्ने विचार गरी म त्यहाँ एक पटक मात्र होइन, अनेक पटक गएँ । तर मैले सो ढुङ्गा फेला पार्न भने सकेको थिइनँ ।

हालै श्रीईश्वरलाल सिंहसँग यस विषयमा प्रसङ्गवश कुरा हुँदा सो ढुङ्गा त वि. सं. २०३२।३३ तिरै त्यहाँ-बाट हटाई हनूमान्ढोकादरबारभित्र राखिएको थियो, हाल सो ढुङ्गा हनूमान्ढोकाको सङ्ग्रहालयको बहुमूल्य शाखामा राखिएको जस्तो लाग्छ भनी उहाँले भन्नुभयो । अनि भाइ दिनेशराज पन्त र श्रीईश्वरलाल सिंहसँग म हनूमान्ढोकाको सङ्ग्रहालयमा गएँ । नभन्दै त्यहाँ बहुमूल्य शाखामा त्यो ढुङ्गा राखिएको रहेछ ।

वि. सं. २०४० मा प्रकाश भएको, श्रीडिल्लीरमण रेग्मीको पुस्तकमा पनि सो ढुङ्गाको परिचय दिंदा हनूमान्ढोका-दरबारको सेरोफेरोमा रहेको देगुतलेको मन्दिरको पेटीको एक हिस्सा भइरहेको शिलापट्ट[१७] भनी पुरानै परिचय मात्र दिइएकोले रेग्मीजीले धनवज्र गुरु र गौतमवज्रले दिएकै परिचय खुरुक्क आफ्नो भाषामा उतारेकोमा शङ्का छैन । यताबाट रेग्मीजीले छापेका अभिलेखका पाठमा मात्र होइन कि परिचयमा समेत हामीले भर पर्न नहुने कुरा मेरो मनमा लाग्न गयो ।

---

१३. वि. सं. २०४० मा नयाँ दिल्लीबाट अभिनव पब्लिकेशन्जद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल्* (प्राचीन नेपालका अभिलेख) को पहिलो भागको ८५ पृष्ठ (८५ सङ्ख्याको अभिलेख)।

१४. *कैलाश*को पहिलो वर्षको १२६ पृष्ठको सामुन्नेको तसवीर ।

१५. वि. सं. २०३९ मा प्रिन्स्टनबाट प्रिन्स्टन युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, मेरी शेफर्ड स्लसरको *नेपाल् मण्डल*को दोस्रो भाग, ५३ सङ्ख्याको तसवीर ।

१६. *इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल्*को तेस्रो भाग, ८५ सङ्ख्याको तसवीर ।

१७. ए स्लयाब् अफ् स्टोन् फर्मिङ ए पार्ट् अफ् द प्ल्याट्फर्म् इन् द टेम्प्ल् अफ् देगुतले इन् द हनुमान्ढोका प्यालेस् कम्प्लेक्स् ।
(इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल्को पहिलो भागको ८५ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूल ढुङ्गामा गढेर हेर्दा धनवज्र गुरुकै पाठ अर्थात् *किरातवर्षधर* नै ठीक रहेछ भन्ने कुरा हामीलाई लाग्यो । तर वर्षको षको रेफ नदेखिने गरी खिइसकेको छ र षको टाउकोमा हल्का डोब मात्र देखिन्छ भन्ने कुरा पनि यहाँनिर भनिहाल्नुपरेको छ ।

दुइ

संस्कृतको प्रसिद्ध कोष *अमरकोष*को क्षत्रियवर्गको एक ठाउँमा *वर्षवर* शब्द आउँछ । रनिवासमा खटिने मानिसहरूको प्रसङ्गमा त्यो शब्द त्यहाँ आएको छ । त्यहाँ *षण्ढ* र *वर्षवर* शब्दको अर्थ उही हो भनी लेखिएको छ —

अन्तःपुरे त्वधिकृतः स्यादन्तर्वंशिको जनः ।
सौविदल्लाः कञ्चुकिनः स्थापत्याः सौविदाश्च ते ।।
षण्ढो वर्षवरस्तुल्यौ सेवकार्थ्यनुजीविनः ।।[१८]

[रनिवासमा हैकम भएको लोग्नेमाछे अन्तर्वंशिक हुन्छ । सौविदल्ल, स्थापत्य र सौविद भनेको कञ्चुकी हो । षण्ढ र वर्षवर उही हो । अर्थी र अनुजीवी भनेको सेवक हो ।]

*अमरकोष*को यस उद्धरणबाट *षण्ढ* वा *वर्षवर* शब्दको अर्थ खुल्दैन । तर *अमरकोष*को मनुष्यवर्गबाट षण्ढ शब्दको अर्थ खुल्न जान्छ —

तृतीयाप्रकृतिः षण्ढः क्लीबः पण्डो नपुंसके ।[१९]

[तृतीयाप्रकृति, षण्ढ, क्लीब र पण्ड शब्दले नपुंसक जनाउँछन् ।]

यताबाट नपुंसकको अर्थमा *षण्ढ* शब्दको प्रयोग हुँदो रहेछ भन्नेर बुझिन्छ । *षण्ढ* र *वर्षवर* शब्द पर्यायवाची हुन् भनी *अमरकोष*को क्षत्रियवर्गमा लेखिएको र यहाँ मनुष्यवर्गमा नपुंसकको पर्यायमा त्यही *षण्ढ* शब्द पनि आएकोले *वर्षवर* शब्द पनि *षण्ढ* शब्द जस्तै नपुंसकको अर्थमा प्रयोग हुँदो रहेछ भन्ने बुझिन गएको छ ।

*अमरकोष*को सर्वानन्दले बनाएको टीका *टीकासर्वस्व* भन्ने नाउँले प्रसिद्ध छ । *अमरकोष*को *षण्ढो वर्षवरस्तुल्यौ* भन्ने माथि उद्धरण गरिएको पाउको त्यहाँ यसरी टीका गरिएको छ ।

मुष्कशून्योऽन्यो वा स्त्रीस्वभावो महल्लकस्तत्र षण्ड[२०]द्वयम् । तदुक्तं—

---

१८. *अमरकोष* २।८।८–९

१९. उही २।६।३९

२०. षण्ढ शब्द, शण्ड, शण्ढ र षण्ड पनि लेखिने गरेको देखिएको छ । यस विषयमा यही लेखको १ परिशिष्टमा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

"ये त्वल्पसाराः प्रखलाः क्लीबाश्च स्त्रीस्वभाविनः ।
न दुष्टाः क्वापि कार्ये च ते वै वर्षवराः स्मृताः" ।।[२१]
नपुंसके षण्ड उक्तः ।।[२२]

[अण्डकोष नभएको वा अरू किसिमको, स्वास्नीमान्छेको जस्तो स्वभाव भएको महल्लक[२३] हुन्छ । त्यस अर्थमा दुइटा शब्द छन्, तिनमा पहिलो षण्ड हो । त्यो कुरो भनिएको छ --

थोरै बल भएका, ज्यादै दुष्ट[२४], नपुंसक, स्वास्नीमान्छेको जस्तो स्वभाव भएका, कतै पनि कुनै पनि

---

२१. वर्षधरको लक्षण बताउने, यस्तै यस्तै खालको श्लोक *भारतीय नाट्यशास्त्र*मा छ । यही लेखमा तल ३१ पादटिप्पणीको माथि सो श्लोक उद्धरण गरिएको छ ।

२२. वि. सं. १९७४ मा अनन्तशयनबाट राजकीय मुद्रणयन्त्रालयद्वारा प्रकाशित, त. गणपति शास्त्रीको *श्रीमदमरसिंहविरचितं नामलिङ्गानुशासनं, क्षीरस्वामिप्रणीतया अमरकोशोद्घाटनाख्यया व्याख्यया वन्द्यघटीयसर्वानन्दप्रणीतया टीकासर्वस्वाख्यया व्याख्यया च समेतं* [क्षीरस्वामीले बनाएको अमरकोशोद्घाटन भन्ने व्याख्याले र वन्द्यघटीय सर्वानन्दले बनाएको टीकासर्वस्व भन्ने व्याख्याले सहित भएको, श्रीमान् अमरसिंहले बनाएको नामलिङ्गानुशासन] को तेस्रो भागका ५७–५८ पृष्ठ ।

२३. लिङ्ग अण्डकोष दुवै नभएको, स्वास्नीमान्छेको जस्तो स्वभाव भएको मान्छे महल्लिक कहिन्छ भनेर *शब्दमाला*मा लेखिएको छ—

मुष्कशून्योऽनुपस्थो यः स्त्रीस्वभावो महल्लिकः ।

(मूल *शब्दमाला* मैले देखेको छैन । *शब्दकल्पद्रुम*मा र *वाचस्पत्य*मा महल्लिकको अर्थ दिंदा *शब्दमाला*बाट झिकिएको भनी यो आधा श्लोक दिइएको छ ।

वि. सं. २०२४ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, राधाकान्त देवको *शब्दकल्पद्रुम* (तेस्रो संस्करण) को तेस्रो भागको ६५३ पृष्ठ र वि. सं. २०२६ मा वारणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, तारानाथ तर्कवाचस्पतिको *वाचस्पत्य* (तेस्रो संस्करण) को ४७४० पृष्ठ ।)

[अण्डकोष नभएको, लिङ्ग नभएको, स्वास्नीमान्छेको जस्तो स्वभाव भएको जो छ, त्यो महल्लिक कहिन्छ ।]

२४. *प्रखल* शब्दको अर्थ ज्यादै दुष्ट भन्ने हुन्छ । यहाँ *वर्षवर*का लक्षण दिंदा *प्रखल* शब्दको प्रथमाको बहुवचन प्रखलाः छापिएको छ । यसैले ज्यादै दुष्ट भनी त्यस शब्दको अर्थ गरिएको हो । तर यस अर्थको यहाँ सङ्गति मिल्दैन । *नाट्यशास्त्र*मा वर्षधरका लक्षण बताउने, यस्तै यस्तै खालको श्लोकमा *प्रखलाः* को ठाउँमा *कुशलाः* पाठ छ (यही लेखको ३१ पादटिप्पणीको माथि यो श्लोक उद्धरण गरिएको छ) । *कुशल*को अर्थ सिपालु भन्ने भएकोले *कुशल* पाठ ठीक देखिन्छ ।

मुगल बादशाह अकबरको पालाका भानुचन्द्रले बनाएको *कादम्बरी*को टीकामा वर्षधरको लक्षण बताउने यस्तै यस्तै खालको श्लोक *कामन्दकी*बाट झिकिएको भनेर यसरी दिइएको छ —

वर्षधरजनेन षण्ड(ण्ढ)जनेनोपसेव्यमानां पर्युपास्यमानाम् । कामन्दक्यां तेषां लक्षणं यथा—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कामका दोष नभएका जो छन्, ती वर्षवर कहिएका छन् ।
षण्ड शब्दले नपुंसक जनाउँछ ।]

*टीकासर्वस्व*को यस वाक्यबाट *वर्षवर* शब्द अण्डकोष नभएको (मुष्कशून्य) वा अरू किसिमको (अन्य) नपुंसकको अर्थमा प्रयोग हुँदो रहेछ भन्ने बुझिएको छ ।

संस्कृतको अर्को प्रसिद्ध कोष *मेदिनीकोष*मा षण्ढ शब्दका नानार्थ दिँदा वर्षवर शब्द पनि आएको छ—

षण्ढः स्यात्पुंसि गोपतौ ।
आकृष्टाण्डे वर्षवरे तृतीयाप्रकृतावपि ।।[२५]

यताबाट षण्ढ शब्द साँढे (गोपति) र स्वास्नीमान्छे लोग्नेमान्छेको वा चिह्न भएको नपुंसक (तृतीयाप्रकृति)[२६] मा पनि चलेको छ भन्ने कुरा त सहजै बुझिन्छ, हामीलाई खायस परेको *वर्षवर* शब्दको अर्थ भने सजिलोसँग आउँदैन । किनभने यहाँ *वर्षवरे* भन्ने पदको अगाडि आकृष्टाण्डे (अण्डकोष झिकिएको) भन्ने जुन पद आएको छ, त्यो पद

'ये त्वल्पसत्त्वाः प्रथमाः क्लीबाश्च स्त्रीस्वभाविनः ।
जात्या न दुष्टाः कार्येषु ते वै वर्षधराः स्मृताः' ।।

(वि. सं. १९५३ मा मुम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित काशीनाथ पाण्डुरङ्ग परवको *महाकविश्रीबाणभट्टतत्तनयविरचिता कादम्बरी । महोपाध्यायभानुचन्द्रसिद्धचन्द्राभ्यां कृतया टीकयानुगता ।* [महोपाध्याय भानुचन्द्र र सिद्धचन्द्रले बनाएको टीकाले सहित भएको, महाकवि श्रीबाणभट्ट र तिनका छोराले बनाएको कादम्बरी] का १९०–१९१ पृष्ठ ।)

*अमरकोष*को भानुजिदीक्षितले लेखेको *व्याख्यासुधा* टीका *रामाश्रमी* भन्ने नाउँले बढी प्रसिद्ध छ । त्यहाँ षण्ढो वर्षवरस्तुल्यौको व्याख्या गर्दा *वर्षवर*को लक्षण बताउने उपर्युक्त श्लोक नै *वर्षधराः*को सट्टा *वर्षवराः* गरी दिइएको छ ।

(वि. सं. १९८५ मा मुम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, शिवदत्तको *नामलिङ्गानुशासनं नाम अमरकोषः । पण्डितवरश्रीमदमरसिंहविरचितः । महामहोपाध्यायश्रीभट्टोजिदीक्षितात्मजविद्वद्वरश्रीभानुजिदीक्षितकृतया व्याख्यासुधाख्यया व्याख्यया सहितः ।* [महामहोपाध्याय श्रीभट्टोजिदीक्षितका छोरा, विद्वान्हरूमा श्रेष्ठ श्रीभानुजिदीक्षितले बनाएको व्याख्यासुधा भन्ने व्याख्याले सहित भएको, पण्डितहरूमा श्रेष्ठ श्रीमान् अमरसिंहले बनाएको नामलिङ्गानुशासन भन्ने अमरकोष] को वासुदेव लक्ष्मण पणशीकरले परिमार्जन गरेको पाँचौं संस्करणको २६९ पृष्ठ) । तर त्यहाँ कहाँबाट यो श्लोक झिकिएको हो, केही लेखिएको छैन ।

*टीकासर्वस्व*को *प्रखलाः* को ठाउँमा माथि उद्धरण गरिएको श्लोकमा *प्रथमाः* पाठ छ । यहाँ कुन अर्थमा प्रथम शब्द लेखिएको हो, बुझ्न सकिएन ।

२५. *मेदिनीकोष* ढान्तवर्ग ४–५ ।

२६. *तृतीयाप्रकृति* शब्दको व्याख्या यही लेखको २ परिशिष्टमा गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वर्षवरे (नपुंसक) को विशेषण भएर आएको हो कि, वर्षवरेसँग सम्बन्ध नभएको स्वतन्त्र पद हो भन्ने कुरा निर्णय गर्न सजिलो छैन । वर्षवरेको विशेषण भएर आकृष्टाण्डे आएको हो भने मेदिनीकोषको माथि उद्धरण गरिएको पद्यको यस्तो अर्थ हुन्छ--

पुंलिङ्गी षण्ढ शब्द साँढेमा, अण्डकोष झिकिएको नपुंसकमा र स्वास्नीमान्छे वा लोग्नेमान्छेको चिह्न भएको नपुंसकमा पनि लाग्छ ।

होइन भने त्यस पद्यको अर्थ यसरी गर्नुपर्छ--

पुंलिङ्गी षण्ढ शब्द साँढेमा, अण्डकोष झिकिएको मान्छेमा, नपुंसकमा र लोग्नेमान्छे स्वास्नीमान्छे दुवैमा भएको नपुंसकमा पनि लाग्छ ।

टीकासर्वस्वबाट वर्षवरको अर्थ अण्डकोष नभएको वा अरू किसिमको नपुंसक हो भन्ने बुझिन्छ भनी माथि लेखिसकिएको छ । त्यताबाट वर्षवर भनेको अण्डकोष नभएको नपुंसक हो भन्ने भए तापनि अरू किसिमका नपुंसकमा पनि वर्षवर शब्द लाग्न सक्छ भन्ने देखिन्छ । मेदिनीकोषमा वर्षवर शब्द आकृष्टाण्ड(अण्डकोष झिकिएको)को विशेष्य भएर आएको हो भने टीकासर्वस्वमा भनेको कुराको पुष्टि हुन जान्छ ।

वर्षवरको पाठभेद वर्षधर पनि वर्षवरकै अर्थमा कोषहरूमा चढेको देखिन्छ । प्रमाणको लागि सबभन्दा पहिले हलायुधकोष अघि सारौं—

सौविदः सौविदल्लश्च स्थापत्यः कञ्चुकी मतः ।।
मित्रं सखा वयस्यश्च सुहृत्स्निग्धश्च कथ्यते ।
अनुजीवी सहायः स्यात्सेवकोऽनुचरोऽनुगः ।।
प्राड्विवाकोऽक्षदृक् स्थेयो न्यायोऽक्ष इति कथ्यते ।
अन्तःपुरेष्वधिकृतः स्मृतोऽन्तर्वंशिको नरः ।।
क्लीबो वर्षधरः षण्ढः पण्डकश्च नपुंसकः ।
उभयव्यञ्जनं पोटा तृतीयाप्रकृतिः स्मृताः ।।[२७]

[सौविद, सौविदल्ल र स्थापत्य भनेको कञ्चुकी भनी मानिएको छ । सखा, वयस्य, सुहृत् र स्निग्ध शब्दले मित्र भनिन्छ । अनुजीवी, सहाय, अनुचर र अनुग भनेको सेवक हो । प्राड्विवाक, अक्षदृक्, स्थेय र अक्ष भनी न्याय (न्यायाधीश) लाई भनिन्छ । रनिवासमा राखिएका स्वास्नीमान्छेहरूमा[२८] हैकम भएको लोग्नेमान्छे अन्तर्वंशिक कहिएको छ । क्लीब, वर्षधर, षण्ढ, पण्डक, उभयव्यञ्जन, पोटा र तृतीयाप्रकृति नपुंसक कहिएका छन् ।]

---

२७. हलायुधकोष ४२७–४३० । (वि. सं. २०१४ मा वाराणसीबाट सरस्वतीभवनद्वारा प्रकाशित, जयशङ्कर जोशीको हलायुधकोशः (अभिधानरत्नमाला) को ४९ पृष्ठ ।)

२८. यहाँ बहुवचनमा आएको अन्तःपुर शब्दले रनिवासमा राखिएका स्वास्नीमान्छेहरूलाई बुझाएको हो । यस विषयमा खुलाएर यही लेखको ३ परिशिष्टमा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हलायुधकोषका यी वाक्यमा रनिवासमा खटिने मानिसहरूको प्रसङ्ग मात्र लहरै नआई बीचमा अरू कुरा पनि आएको छ । रनिवासमा खटिने मानिसहरूको क्रम पनि यहाँ *अमरकोष*को भन्दा अलि तलमाथि परेको छ । *अमरकोष*मा सबभन्दा पहिले अन्तर्वंशिकको परिभाषा दिइएको छ । यहाँ भने सबभन्दा पहिले कञ्चुकीका पर्याय दिइएका छन् । *अमरकोष*मा कञ्चुकीका पर्यायमा जुन जुन शब्द दिइएका छन्, यहाँ पनि तिनै शब्द परेका छन् , थपघट केही गरिएको छैन । कञ्चुकीका पर्याय दिएपछि *अमरकोष*मा वर्षवरको प्रसङ्ग आउँछ । यहाँ भने बीचमा मित्र, अनुजीवी र न्यायाधीशका पर्याय दिइएका छन् । त्यसपछि अन्तर्वंशिकको परिभाषा गरिएको छ, जुन *अमरकोष*-को परिभाषासँग ट्वाक्कै मिल्छ । अनिपछि मात्र यहाँ वर्षधरको प्रसङ्ग आउँछ । *अमरकोष*मा त्यस ठाउँमा वर्षवरका दुइवटा मात्र पर्याय दिइएकोमा यहाँ आठवटा[२८] पर्याय दिइएका छन् । *अमरकोष*मा त्यस ठाउँबाट वर्षवरको अर्थ खुल्दैन, वर्षवरको अर्थ खुलाउन मनुष्यवर्ग पल्टाउनुपर्छ । यहाँ भने *अमरकोष*को मनुष्यवर्गमा परेका सबै[३०] शब्द राखिएकोले यतैबाट वर्षधरको अर्थ पनि खुल्छ ।

*अमरकोष*मा जस्तै धनञ्जयको *पर्यायशब्दरत्न*मा पनि रनिवासमा खटिने मानिसहरूको प्रसङ्ग आउँछ । त्यहाँ *अमरकोष*मा जस्तै अन्तर्वंशिकको परिभाषा गरिएको छ र कञ्चुकीका पर्याय दिइएका छन् । *अमरकोष*मा भन्दा *पर्यायशब्दरत्न*मा कञ्चुकीको प्रसङ्गमा दुइ कुरा फरक छन् । एक त *अमरकोष*मा कञ्चुकीका पर्याय मात्र दिइएका छन्, कस्तालाई कञ्चुकी भन्ने विषयमा केही लेखिएको छैन । अर्को, *अमरकोष*मा कञ्चुकीका चारवटा पर्याय दिइएकोमा *पर्यायशब्दरत्न*मा भने एउटा शब्द छुटाई तीनवटा मात्र दिइएका छन् । त्यसपछि *अमरकोष*मा जस्तै *पर्यायशब्दरत्न*मा वर्षवरका पर्याय आउँछन् । तर *अमरकोष*मा वर्षवरका दुइवटा मात्र पर्याय भएकोमा *पर्यायशब्दरत्न*मा आठवटा पर्याय दिइएका छन् । त्यसमाथि, *अमरकोष*मा जुन ठाउँमा यी पर्याय दिइएका छन्,

---

२९. हलायुधले क्लीब, वर्षधर, षण्ढ, पण्डक, नपुंसक, उभयव्यञ्जन, पोटा र तृतीयाप्रकृतिलाई पर्यायवाची शब्द बनाएका हुन् कि क्लीबदेखि नपुंसकसम्मका शब्दलाई एक थरी पर्यायवाची, उभयव्यञ्जन पोटा र तृतीयाप्रकृति-लाई अर्को थरी पर्यायवाची शब्द बनाएका हुन् भन्ने कुरा ठोकेर भन्न अलि गाह्रो छ ।

*अमरकोष*अनुसार तृतीयाप्रकृति शब्द षण्ढ, क्लीब र नपुंसकको पर्याय बनेको छ (२।६।३९) । स्वास्नीमान्छे र लोग्नेमान्छे दुवैको चिनो भएको पोटा कहिन्छ भनेर *अमरकोष*मा लेखिएको छ (२।६।१५) । नपुंसकलाई कहने अरू शब्दहरूसँग पोटालाई छुट्ट्याए जस्तै गरेर वर्षधरलाई पनि *अमरकोष*मा अलग्गै लेखिएको छ (२।८।९) ।

तृतीयाप्रकृति दुइ थरीको हुने, एक थरीमा स्वास्नामान्छेको चिनो र अर्को थरीमा लोग्नेमान्छेको चिनो हुने कुरा *वात्स्यायनकामसूत्र*बाट थाहा पाइन्छ (२।९।१) ।

पोटा र वर्षवरलाई अरू खालका नपुंसकबाट छुट्ट्याउने अमरसिंहले तृतीयाप्रकृतिलाई किन अरू खालका नपुंसकसँगै लहरै राखे भन्ने कुरा विचारणीय छ ।

*हलायुधकोष*मा भने थरीथरीका नपुंसकलाई बुझाउने शब्द जति एकै ठाउँमा लहरै आएका छन् तापनि उभयव्यञ्जन पोटा र तृतीयाप्रकृति लहरै सबभन्दा पछि आएकाले हलायुधको मनसाय यी शब्दको विशेष अर्थ उनले देखाउन खोजेका हुन् कि भन्ने शङ्का पनि हाम्रो मनमा उठ्छ ।

यस विषयको प्रमाणभाग यही लेखको २ परिशिष्टमा परेको छ ।

३०. *अमरकोष*मा पण्ड भएकोमा यहाँ पण्डक छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यताबाट *वर्षधर*को अर्थ खुल्दैन। *पर्यायशब्दरत्न*बाट भने *वर्षवर*को अर्थ पनि खुल्छ, जुन अर्थ *अमरकोष* वा अन्यत्रबाट थाहा पाइने अर्थभन्दा केही फरक छ। मुख्य कुरा त, *पर्यायशब्दरत्न*मा *वर्षधर वर्षवर* दुवै रूप पाइन्छन्, जुन अरू कोषमा मैले भेट्टाएको छैन—

अन्तर्वंशिकश्चान्तःपुरे चाधिकृतः स्मृतः ।।
राजस्त्रीरक्षणार्थायाधिकृते राजवेश्मनि ।
सौविदल्लः सौविदश्च कञ्चुकी चापि कथ्यते ।।
नपुंसके सौविदल्ले षण्डो वर्षवरोऽपि च ।
वर्षहारी वर्षधरो धर्षवर्षोऽपि कथ्यते ।।
धर्षमायी धर्षधरो[३१] वर्षधर्षोऽपि संमतः ।
मन्त्रिमुख्येषु कथितः सेवकोऽप्यनुजीवनः ।।[३२]

[रनिवासमा हैकम भएको अन्तर्वंशिक कहिएको छ। राजाका स्वास्नीमान्छेहरूको रक्षा गर्नको लागि राजाको घरमा हैकम भएको, सौविदल्ल, सौविद र कञ्चुकी भनिन्छ। नपुंसक सौविदल्लमा षण्ड र वर्षवर (शब्द छन्। त्यो) वर्षहारी, वर्षधर र धर्षवर्ष पनि भनिन्छ। धर्षमायी, धर्षधर र वर्षधर्ष पनि (त्यही अर्थमा) मानिएको छ। सेवक र अनुजीवन मन्त्रिमुख्यहरूमा भनिएको छ।]

यताबाट *वर्षधर* वा *वर्षवर* भनेको, नपुंसक कञ्चुकी हो भन्ने बुझिन्छ। यो अर्थ *टीकासर्वस्व* वा *मेदिनीकोष*को अर्थभन्दा केही फरक भएको स्पष्ट छ।

*भारतीय नाट्यशास्त्र*मा पनि *वर्षधर* शब्द आएको छ। त्यसबाट कस्ता खालका नपुंसक *वर्षधर* कहिन्थे भन्ने कुरामा प्रकाश पनि पर्ने भएकोले त्यसको एउटा श्लोकको यहाँ उद्धरण गर्नुपरेको छ—

ये त्वल्पसत्त्वाः कुशलाः क्लीबाश्च स्त्रीस्वभाविनः ।
जात्या न दुष्टाः कार्ये च ते वै वर्षधराः स्मृताः ।।[३३]

[थोरै बल भएका, काममा सिपालु, नपुंसक, स्वास्नीमान्छेको जस्तो स्वभाव भएका, जन्मैदेखि खुन नभएका जो छन्, ती वर्षधर कहिएका छन्।]

यहाँ *वर्षधर*को लक्षण अरू अरू विशेषणका साथै क्लीबाः (नपुंसक) र जात्या न दुष्टाः (जन्मैदेखि खुन

---

३१. मूल पुस्तकमा घषधरो छापिएको छ।

३२. *पर्यायशब्दरत्न* २।२५५–२५८।

(वि. सं. २०२७ मा पूनाबाट डेकन कलेजद्वारा प्रकाशित, एकनाथ दत्तात्रेय कुलकर्णि र मार्तण्ड चिदम्बर दीक्षितको *पर्यायशब्दरत्न अफ् धनञ्जयभट्ट* (धनञ्जयभट्टको पर्यायशब्दरत्न) को ५७ पृष्ठ।)

३३. *भारतीय नाट्यशास्त्र* २४।५६।

(वि. सं. १९५१ मा मुम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबको *द नाट्यशास्त्र अफ् भरत मुनि* (भरत मुनिको नाट्यशास्त्र) को २७६ पृष्ठ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नभएका)[३४] भनेर पनि लेखिएको छ। यताबाट वर्षधरहरू जन्मजात नपुंसक होइनन् भन्ने आशय *नाट्यशास्त्र*का रचयिताको भएको देखिन्छ।

*भारतीय नाट्यशास्त्र*मा वर्षधरहरू जन्मदेखि नै नपुंसक हुँदैनन्[३५] भनेर लेखिएको कुरालाई *टीकसर्वस्व*मा अण्डकोष नभएका वर्षधर कहिन्छन् भनी लेखिएको कुरासँग दाँजेर हेर्ने हो भने *मेदिनीकोष*मा आएको आकृष्टाण्ड (अण्डकोष झिकिएको) भन्ने शब्द स्वतन्त्र रूपमा आएको नभई वर्षवरको विशेषणको रूपमा आएको हो भनी बढी जोड दिएर भन्न सकिन्छ। वर्षवरको अगाडि *मेदिनीकोष*मा आकृष्टाण्ड भन्ने शब्द भएकोले र *टीकासर्वस्व*मा अण्डकोष नभएको वा अरू किसिमको नपुंसक वर्षवर हुन्छ भनी लेखिएकोले अण्डकोष झिकेर मात्र होइन, अरू अरू किसिमबाट पनि वर्षवर बनाइन्थे कि भन्ने झल्को आउँछ।

*रभसकोष*मा शण्ढ वा क्लीब (नपुंसक) को पर्याय कञ्चुकी[३६] दिइएकाले र हेमचन्द्रको *अनेकार्थसङ्ग्रह*मा शण्ढ वा षण्ढको पर्यायमा सौविद (कञ्चुकी)[३७] पनि दिइएकोले नपुंसकहरूले कञ्चुकीको काम गर्ने गर्थे भन्ने कुराको पुष्टि भएको छ। यसै परम्परामा हाम्रा धनञ्जयले *पर्यायशब्दरत्न*मा वर्षधर/वर्षवर आदि शब्दको अर्थ नपुंसक कञ्चुकी हो भनेर लेखेको देखिन्छ।[३८]

---

३४. वि. सं. २०३९ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, गोविन्दप्रसाद भट्टराईको *भरतमुनिको नाट्य-शास्त्र*मा सो श्लोकको यसरी उल्था गरिएको छ—

> जुनपुरूषहरू थोरै सत्त्व भएका कामका कुशल, नपुंसक र स्त्रीको स्वभावका छन्, जातिले दोषी छैनन् तथा कार्यमा पनि दोषी छैनन्, ती वर्षधर भनिन्छन्।
>
> (४१० पृष्ठ)

यहाँ जात्या न दुष्टाःको उल्था जातिले दोषी छैनन् भनी गरिएकोले यो उल्था अस्पष्ट छ भनी भन्नुपरेको छ।

३५. नाट्यशास्त्रको पछिल्लो ग्रन्थ *भावप्रकाशन*मा भने *भारतीय नाट्यशास्त्र*कै माथिको श्लोकमा केही फरक पारी वर्षवरको यस्तो लक्षण पो दिइएको छ—

> **अल्पसत्त्वाः स्त्रीस्वभावाः क्लीबाः निष्कामिनः स्वतः।**
> **जात्या वा कामनिर्मुक्तास्ते तु वर्षवराः स्मृताः॥**
>
> (१० अधिकार)

(वि. सं. १९८६ मा वडोदाबाट ओरियन्टल इन्स्टिच्युटद्वारा प्रकाशित, यदुगिरि यतिराज र रामस्वामी शास्त्रीको *भावप्रकाशन अफ् शारदातनय* (शारदातनयको भावप्रकाशन) को २९२ पृष्टका १९–२० पङ्क्ति)

[थोरै बल भएका, स्वास्नीमान्छेको जस्तो स्वभाव भएका, आफसेआफ कामवासना नभएका, अथवा जन्मदेखि कामवासना नभएका तिनीहरू वर्षवर कहिएका छन्।]

३६. १ परिशिष्ट।

३७. उही।

३८. जुम्लामा युवतिहरू नपुंसकको विषयमा निजले नसुन्ने गरी निजको सामुन्ने कुरा गर्दा निजलाई बर्सपति भन्ने गर्छन्। भाउज्यूले त्यस्ता देवरलाई ठट्टा गर्दा पनि बर्सपति भन्ने गर्छन्। हिजो आज नसा काटी बच्चा नपाउने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नपुंसकको अर्थमा कोषहरूमा पाइएको वर्षधर शब्द, वर्षवर जति चलनचल्तीमा छैन तापनि विभिन्न ग्रन्थमा यो शब्द नभेटिने होइन । यसको उदाहरणको लागि *भारतीय नाट्यशास्त्र*को भरखरै माथि उद्धरण गरिएको श्लोकलाई औँल्याउन सकिन्छ । थप उदाहरणको लागि *नाट्यशास्त्र*मा त्यसै प्रसङ्गमा आएका अरू श्लोकलाई औँल्याउनुपरेको छ ।[३९] *महाभारत*मा पनि एक ठाउँमा वर्षधर शब्द मैले भेट्टाएको छु ।[४०]

बनेका लोग्नेमान्छेहरूलाई स्वास्नीमान्छेहरू बर्सपति भनेर गिज्याउने गर्छन् ।

बाइस् बर्स बाइससाथ बाइस् ठौर धायाँ ।
धन्न मेरा फुट्या कर्म बर्सपति पायाँ ।।

भन्ने गीत पनि यदाकदा सुनिन्छ ।

—रमानन्द आचार्य

३९. यत्स्यान्नपुंसकं नाम तृतीया प्रकृतिस्तु या ।
साप्यन्तःपुरसंचारे योज्या पार्थिववेश्मनि ।।
स्नातकाः कञ्चुकीयाश्च तथा वर्षधराश्च ये ।
औपस्थायिकनिर्मुण्डाः कक्षास्थानेषु योजयेत् ।।

(*भारतीय नाट्यशास्त्र* २४।५०–५१। २७६ पृष्ठ ।)

[तृतीया प्रकृति (स्वास्नीमान्छे वा लोग्नेमान्छेको चिह्न भएको) भनिने जो नपुंसक छ, त्यसलाई पनि राजाको दरबारमा रनिवासमा घुम्ने काममा खटाउनुपर्छ । स्नातक, कञ्चुकी, त्यस्तै वर्षधर, औपस्थायिकनिर्मुण्डहरू (एक प्रकारका नपुंसक) जो छन्, तिनीहरूलाई चोकचोकमा खटाउनू ।]

तथा वर्षधरांश्चैव कामचारेषु योजयेत् ।
औपस्थायिकनिर्मुण्डाः स्त्रीणां प्रेषणकारणे ।।

(*भारतीय नाट्यशास्त्र* २४।५४। २७६ पृष्ठ ।)

[त्यस्तै वर्षधरहरूलाई चाहिँ मन लागेको काममा खटाउनू । स्वास्नीमान्छेहरूलाई पठाउने कारण पर्दा औपस्थायिकनिर्मुण्डहरू जो छन्; तिनीहरूलाई खटाउनू ।]

औपस्थायिकनिर्मुण्डको विषयमा खुलाएर यही लेखको २ परिशिष्टमा लेखिएको छ ।

४०. ततः समुपविष्टेषु तेषु राजसु भारत ।
विवेश रङ्गं सा कन्या धात्रीवर्षधरान्विता ।।

(महाभारत १।१७४।१०। वि. सं. २०३१ मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित *चिकित्सितपाठात्मिका महाभारत-संहिता*को १९९२ पृष्ठ ।)

[हेभरत वंशी [युधिष्ठिर], ती राजाहरू बसिसकेपछि धाई र वर्षधर पछिपछि भएकी ती कन्या रङ्ग[सभा]-मा पसिन् ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसै गरी *पञ्चतन्त्र*[४१], *कादम्बरी*[४२] र *कर्पूरमञ्जरी*[४३] मा पनि वर्षधर शब्द मैले पाएको छु । सोमदेव सुरिका

---

४१. तत्र च नटनर्तकचारणसंकुले नानादेशागतजनावृते तौ सहचरौ भ्रमन्तौ कांचिद्राजकन्यां करेणुकारूढां सर्वलक्षणसनाथां कञ्चुकिवर्षधरपरिवारितां देवतादर्शनार्थं समायातां दृष्टवन्तौ ।

(*पञ्चतन्त्र* ११५ । वि. सं. १९८७ मा चौखम्बा संस्कृत सीरिज अफिसद्वारा प्रकाशित, रामतेज पाण्डेयको *श्रीमद्विष्णुशर्मविरचितं पञ्चतन्त्रकम्* [श्रीमान् विष्णुशर्मलि बनाएको पञ्चतन्त्र] को ३१ पृष्ठ ।)

[होईमा चढेकी, सबै लच्छिनले युक्त भएकी, कञ्चुकी र वर्षधरहरूले घेरिएकी, देवताको दर्शन गर्न आएकी कुनै राजकुमारीलाई नटुवा, नचुवा र कत्थक मिसिएको, ठाउँठाउँबाट आएका मानिसहरूले घेरिएको त्यस ठाउँमा सँगसँगै घुमिरहेका ती दुइले देखे ।]

ततश्च कञ्चुकिनो वर्षधराश्च तन्नीयमानमुपलक्ष्य गृहीतलगुडाः सत्वरमनुययुः ।

(*पञ्चतन्त्र* ११७। ३८ पृष्ठ ।)

[त्यसपछि त्यो (सुनको सिक्री) लगिएको देखेर लौरो लिएका कञ्चुकी र वर्षधरहरू छिटै पछि लागे ।]

४२. तत्र ... उपरचितस्त्रीवेषभाषेण गृहीतविकटप्रसाधनेन वर्षधरजनेनोपसेव्यमानां ... समुपसृत्य मातरं प्रणनाम ।

(*कादम्बरी* पूर्वभाग, १९०–१९१ पृष्ठ ।)

[त्यहाँ ... स्वास्नीमान्छेको जस्तो लवाइ र बोली टिपेका, घेरै सिँगार गरेका वर्षधरहरूले सेवा गरिएकी आमालाई नजीकै गएर (चन्द्रापीडले) ढोगे ।]

अवतीर्य द्वारपालार्पिततुरङ्गः कादम्बरीप्रथमदर्शनकुतूहलिन्या च पत्रलेखया चानुगम्यमानः प्रविश्य 'क्व देवी कादम्बरी' तिष्ठति इति संमुखागतमन्यतमं वर्षधरमप्राक्षीत् ।

(*कादम्बरी* पूर्वभाग ४०२–४०३ पृष्ठ ।)

[ओर्लेर ढोकेको हातमा घोडा थमाएका, कादम्बरीलाई पहिलो पटक भेट्न चौचो भएकी पत्रलेखा पछिपछि भएका (चन्द्रापीडले) पसेर देवी कादम्बरी कहाँ राज भएको छ भनी सामुन्ने आएको कुनै वर्षधरलाई सोधे ।]

४३. ता कुज्जवामणकिरादवरिसधरसोविदल्लाणं एसो हलबोलो ।

(*कर्पूरमञ्जरी* ३।३४+। वि. सं. १९५७ मा हर्वर्डबाट हर्वर्ड युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, स्टेन कोनो र चार्ल्स रकवेल लानम्यानको *राज-शेखर'ज् कर्पूर-मञ्जरी* [राजशेखरको कर्पूरमञ्जरी] को ९० पृष्ठ ।)

[तेन कुब्जवामनकिरातवर्षधरसौविदल्लानामेष कोलाहलः ।]

[त्यसैले कुप्रा, बाउन्ने, किरात, वर्षधर र कञ्चुकीहरूको यो हल्ला हो ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यशस्तिलक[४४] र नीतिवाक्यामृत[४५]मा पनि वर्षधर शब्द मैले देखेको छु। साथै क्षमेन्द्रको बृहत्कथामञ्जरी[४६]

---

४४. **यः खलु . . . तपश्चरणागम इव समुत्सारितवर्षधरागमः . . .**

(*यशस्तिलक* १ आश्वास। वि.सं. १९७३ मा मुम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, केदारनाथ शर्मा, शिवदत्त र वासुदेव लक्ष्मण पणशीकरको *श्रीसोमदेवसूरिविरचितं यशस्तिलकम्* । *श्रीश्रुतसागरसूरिकृतया व्याख्यया समेतम्* । [श्रीश्रुतसागर सूरिले बनाएको व्याख्याले सहित भएको, श्रीसोमदेव सूरिले बनाएको यशस्तिलक]को पहिलो खण्डका १३२–१३३ पृष्ठ।)

[तपश्चर्याको सिद्धान्तले जस्तै वर्षधरको अवाइलाई हटाएको ··· जो]

वर्षधर, अपसर प्रतूर्णमेकतः। किरात, निकेत निजनिवासे निभृतम्। कुब्ज, न्युब्ज शुभाशयविशिष्टासु चेष्टासु। वामन, आमन सरभसरसक्रीडाः क्रीडाः। सौविदल्ल, सोल्लासमीहस्व निजनियोगेषु।

(*यशस्तिलक* २ आश्वास पहिलो खण्डको ३५१ पृष्ठ।)

[वर्षधर, फट्टै एकातिर हट्। किरात, आफू बस्ने ठाउँमा सुटुक्क बस्। कुब्रे, शुभ आशयले विशिष्ट भएको चेष्टामा सोझो हो। बाउन्ने, रमाइलो खेलबाड गर्। कञ्चुकी, आफूलाई अह्राएका काम खुशी भएर गर्न खोज।]

४५. **न प्रातर्वर्षधरं विकलाङ्गं रजस्वलां वा पश्येत्।**

(*नीतिवाक्यामृत* २५ उद्देश। वि.सं. १९४४ मा मुम्बईबाट गोपालनारायणद्वारा प्रकाशित, वामनको *मुग्धबोधिनी* व्याख्यासहितको *सोमदेवसूरिविरचितम्* । *नीतिवाक्यामृतम्* । [सोमदेव सूरिले बनाएको नीतिवाक्यामृत]को ९५ पृष्ठ।)

[वर्षधरलाई, विकलाङ्गलाई र पर सरेकीलाई बिहान नभेट्नू।]

४६. **देव कात्यायनेनेदं न्यस्तं मन्त्रिवरेण ते।**
इति वर्षधराच्छ्रुत्वा शकटालमुवाच सः॥

(*बृहत्कथामञ्जरी* १।१६२। वि.सं. १९५८ मा मुम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबको *श्रीक्षेमेन्द्रविरचिता बृहत्कथामञ्जरी* [श्रीक्षेमेन्द्रले बनाएको बृहत्कथामञ्जरी]को २० पृष्ठ।)

[सरकार, यो कोठी सरकारका मुख्यमन्त्री कात्यायनले राख्नुभएको हो भनी वर्षधरले भनेको सुनेर तिनले शकटाललाई भने।]

वृद्धवर्षधरोपेता राजपुत्री मनोजवम्।
यन्त्रचक्रविमानं तद्भेजे दोलाविलासवत्॥

(*बृहत्कथामञ्जरी* ७।२४०। १८९ पृष्ठ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र बिल्हणको नाउँमा दरिएको *विह्लणकाव्य*[४७]मा पनि वर्षधर शब्द मैले पाएको छु ।

*कौटलीय अर्थशास्त्र*का धेरैजसा संस्करणमा वर्षवर पाठ छापिए तापनि कुनै कुनै संस्करणमा वर्षधर पाठलाई प्रामाणिक मानिएको कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ ।[४८] *कौटलीय अर्थशास्त्र*को एउटा प्राचीन टिप्पणीमा वर्षवर होइन कि वर्षधर लेखिएको कुरा पनि यहाँनिर भन्नुपरेको छ ।[४९]

यतासम्मका कुराबाट वर्षधरको अर्थ एक प्रकारको नपुंसक हो भन्ने स्पष्ट भएकोले हनूमान्ढोकाको लिच्छविकालको अभिलेखमा आएको *किरातवर्षधर* भन्ने शब्दको अर्थ किरात र नपुंसक हो भन्ने कुरामा शङ्का रहन जाँदैन ।

[बूढो वर्षधर सँगै भएकी राजकुमारीले मन जस्तै वेगिलो, पीङ खेले जस्तो रमाइलो हुने, यन्त्रको पाङग्राबाट चल्ने त्यो विमान चढिन् ।]

४७. भूपाज्ञया सपदि वर्षधरैर्विगाढं तं नीयमानमुपलक्ष्य जनस्त्ववोचत् ।
चौरः किमेष सुकविः प्रभुरत्नहारी लोकोक्तिरेवमभवन्नगरे समस्ते ।।

(*विह्लणकाव्य* ६४ श्लोक । वि. सं. १९७३ मा मुम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, केदारनाथ शर्मा र वासुदेव लक्ष्मण पणशीकरको *काव्यमाला*को १३ गुच्छकको १५५ पृष्ठ ।)

[राजाको हुकूमले उत्निखेरै घेरिएका वर्षधरहरूले समातेर लगिएको तिनलाई देखेर दुनियाँहरूले भने— मालिकको रत्न चोर्ने चोर के यिनै कविजी हुन् ? यसरी शहरभरि हल्ला फैलियो ।]

४८. वि. सं. २०१५ मा बम्बईबाट बम्बई विश्वविद्यालयद्वारा प्रकाशित, आर. पी. काङलेको *कौटलीय अर्थशास्त्र*को पहिलो भाग (दोस्रो संस्करण) का २९, २५५ पृष्ठ ।

वि. सं. २०१६ मा बम्बईबाट भारतीय विद्याभवनद्वारा प्रकाशित, जिन विजयको *आचार्य कौटल्यकृत अर्थशास्त्र –अपरनाम– राजसिद्धान्त (मुग्धविलासाङ्क आचार्य योगघमविरचित नीतिनिर्णीतिनाम्नी व्याख्या समन्वित तथा बहुविध प्राचीन टिप्पनकसंयुक्त)* का ५१, ५२ पृष्ठ ।

वि. सं. २०४० मा वाराणसीबाट कृष्णदास अकादमीद्वारा प्रकाशित, रघुनाथ सिंहको *कौटिलीयम् अर्थशास्त्रम् (अधिकरण १, २, ३)* का १९६, १९८ पृष्ठ ।

४९. कंचुका आप्रपदीनाः कूर्पासकाः । उष्णीषाः सर्वमुख्यव्यापीनि शिरोवेष्टनानि । तानि विद्यंते येषां वर्षधरादीनाम् ।

टिप्पनक १।२१। (जिन विजयको पूर्वोक्त ग्रन्थको ५२ पृष्ठ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तीन

हनूमान् ढोकादरबारको सेरोफेरोमा पाइएको, माथि उद्धरण गरिएको अभिलेखमा *चिरन्तनं लिच्छविराज-कारितं पुरातनैर्व्वृत्तिभटैरुपेक्षि(तं)* [लिच्छवि राजाले बनाएको, पुरानो, वृत्ति पाएका पुराना सैनिकहरूले वास्ता नगरिएको] जस्ता पद परेकाले गुरु धनवज्र वज्राचार्यको विचार त्यस अभिलेखमा दरबारकै बयान गरिएको हो भन्ने छ।[५०] गौतमवज्र वज्राचार्यको विचार पनि यस अभिलेखमा दरबारकै बयान गरिएको हो भन्ने छ।[५१]

---

५०. धनवज्र गुरुले यस अभिलेखको उल्था गर्दा *चिरन्तनं*को उल्था पुरानो भनेर गरेपछि कोष्ठमा दरवार हाल्नुभएको कुरा (*लिच्छविकालका अभिलेख*को ३७४ पृष्ठ) यस प्रसङ्गमा सम्झनुपरेको छ। त्यस्तै, उहाँले व्याख्यामा पनि दरबारकै बयान गरिएको हो भनी यसरी लेख्नु भएको छ—

आफूभन्दा अघिका शासकहरूको कीर्तिको रक्षा गरिदिने नीति अंशुवर्माको रहेको थियो। यस अभिलेखमा पनि लिच्छवि राजाको पुरानो दरवारको जीर्णोद्धार गरिदिएको कुरा परेको छ। सो पुरानो दरवारको देखरेखको लागि केही सैनिक त नियुक्त थिए। तर तिनीहरूले उपेक्षा गरेका हुनाले सो दरबार भग्नावस्थामा पुग्यो; त्यहाँ चराचुरुङ्गीहरूको वासस्थान बन्न थाल्यो; साँढे* आदि पशु जुध्ने ठाउँ बन्यो। यो कुरा थाहा पाई अंशुवर्माले सो दरबारको जीर्णोद्धार गरिदिएको देखिएको छ।

यहाँनिर यो दरबार कुनचाहिं हो भन्ने प्रश्न उठ्छ। यो दरबार 'मानगृह' त अवश्य होइन। अंशुवर्माको समयमा मानगृह जीर्ण भइसकेको थिएन। यस कारण मानगृहभन्दा पुरानो दरबार यो हो भन्ने स्पष्ट छ। यहाँ 'चिरन्तन' शब्द प्रयोग गरिएको हुनाले पनि यो दरबार पुरानो थियो भन्ने थाहा पाइन्छ। चाँगुको शिवदेव अंशुवर्माको अभिलेखमा दक्षिणराजकुलको खेतको उल्लेख आएको छ। हनुगलनिरको संवत् ५३५ को अभिलेखमा 'दक्षिणराजकुलस्य दक्षिणपश्चिमेन' भन्ने उल्लेख परेको छ। यसबाट दक्षिणराजकुल यसै भेकमा थियो भन्ने संकेत पाइन्छ। यस कुराको आधारमा अंशुवर्माले जीर्णोद्धार गरेको पुरानो दरबार 'दक्षिणराजकुल' हो जस्तो मलाई लाग्छ। प्रसिद्ध कोलीग्रामको दक्षिणभाग 'दक्षिणकोलीग्राम' कहलाएको थियो। कोलीग्रामकै दक्षिणतिर पर्ने हुनाले यो दरवार पनि 'दक्षिणराजकुल' कहलाएको अनुमान हुन्छ। अर्को कुरा अंशुवर्माभन्दा केही अगाडि प्रशासनमा दक्षिणराजकुलको कुनै स्थान रहेको देखिएको छैन। अंशुवर्मापछि भने दक्षिण राजकुलको पनि प्रशासनमा स्थान रहन लागेको थियो। यो कुरा ज्ञानेश्वरको तल आउने अभिलेखबाट थाहा पाउन पाइन्छ। त्यहाँ दक्षिणराजकुलभित्रको सरकारी अधिकरणको चर्चा परेको छ।

(*लिच्छविकालका अभिलेख*को ३७५ पृष्ठ।)

५१. सौभाग्यवश दक्षिणराजकुल कहाँसम्म फैलिएको थियो भन्ने कुरो बुझ्ने साधन प्राप्त भएको छ। हालै हनूमान्ढोका देगुतलेको देवलमुनि लिच्छविकालको एउटा शिलालेख पाइएको छ। सो शिलालेखका धेरैजसा कुरा सदाको

*मूल अभिलेखमा साँढेलाई बुझाउने शब्द छँदै छैन। – महेशराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लागि लुप्त भइसकेका छन् तापनि विचारपूर्वक यसको अध्ययन गर्‍यौं भने अझ पनि निकै महत्त्वपूर्ण कुरा प्रकाशमा आउँछन् ।...

राजा अंशुवर्माले आफूभन्दा अघिका लिच्छवि राजाहरूले बनाएर गएको पुरानो दरवारको पुनर्निर्माण गरेर त्यसैको उपलक्ष्यमा यो शिलापत्र राखन लगाएका थिए । यो कुरा यस अभिलेखको वर्णनशैलीबाट हामी बुझ्न सक्तछौं ।

संस्कृत साहित्यका प्रसिद्ध कवि कालिदासको *रघुवंश* महाकाव्यको सोह्रौं सर्गमा मानिसहरू बस्न छोडेको हुनाले थोरै समयमै उजाडिएको पुरानो राजधानीको वर्णन गरिएको छ । त्यहाँ जताततै झारपात उम्रेको, रूखका हाँगाबिगा बाँदरहरूले भाँचमुंच पारेको, स्याल आदि पशुहरू निस्फिक्रीसँग हिंड्न थालेको, पहिले बगैंचामा काइदासँग पालिएका मुजुरहरूले दुःख पाएको आदि वर्णन त्यहाँ परेको छ । हनूमान्ढोकाको यस अभिलेखमा पनि विभिन्न चरा र पशुहरूको उल्लेख आएको छ तथा रूखहरू झयामिएर बढेको र भत्के बिग्रेको वर्णन परेको छ । यस कारण अभिलेखको यो वर्णन पनि त्यस्तै कुनै भग्नावशेषको वर्णन हो भन्ने देखिन्छ ।

अंशुवर्मा (वि. सं. ६६२–६७८ आ.) सामानकालिक उत्तर भारतका राजा हर्षवर्द्धनको समयमा भारतमा आएका चिनियाँ यात्री ह्वाङ्गच्वाङ्गले भारतका त्यस बेलाका राजदरवारको वर्णन गरेका छन् । यताबाट हाम्रो यतातिरको लिच्छविराजदरवारको सम्बन्धमा केही कुरा बुझ्न मद्दत पाइन्छ । उनको त्यस *यात्रावृत्तान्त*मा यस्तो लेखिएको छ– "देशका मुख्य सैनिकहरू सबभन्दा बहादुर मानिसहरूबाट छानिएका हुन्छन् । छोराले बाबुकै पेशाको अनुसरण गर्ने हुनाले तिनीहरू युद्धकलाको ज्ञान छिटै हासिल गर्छन् । देशमा शान्ति रहेको बेला तिनीहरू राजदरवार-वरिपरि सैनिक दलमा एकट्ठा भएर बस्छन् । तर हमला गर्न जाँदा तिनीहरू अग्रसर रक्षादलको रूपमा अगाडि अगाडि हिंड्छन् ।

सेनाले सीमानाको रक्षा गर्छन् र विरोधीहरूलाई दण्ड दिन बाहिर जान्छन् । सेनाले राती राजदरवारको पनि रक्षा गर्दछ । चाहिएको बेलामा दुनियाँदारहरूलाई सैन्यमा जबरदस्ती भर्ना गरिन्छन् र तिनीहरूलाई केही पैसा दिने कबोल गरिएको हुन्छ । बडाहाकिम, मन्त्री, फौजदारी मुद्दा हेर्ने मुख्य कर्मचारी र अरू अधिकारीहरूलाई उनी-हरूको जीवनवृत्तिको लागि जग्गा छुट्याएर दिएको हुन्छ ।"

(साम्यूल बीलको "*बुद्धिष्ट रिकर्ड्स् अफ् द वेस्टर्न वर्ल्ड* (पश्चिमी संसारको बौद्धधर्मसंग सम्बन्ध राख्ने वृत्तान्त) का ८२, ८७–८८ पृष्ठबाट अनूदित)

यहाँ देशका मुख्य सैनिकहरू राजदरवारवरिपरि बस्छन्, लडाइंभिडाइ पर्दा मात्र बाहिर लड्न जान्छन्, चाहिएको बेलामा भर्ना गरिने एक थरी अस्थायी सेना पनि हुन्छन् तथा स्थायी अधिकारीहरूलाई जीवनवृत्तिको लागि जागीरको रूपमा जग्गा दिइएको हुन्छ भन्ने भावको कुरो परेको छ ।

प्राचीनकालमा यस किसिमको जागीरलाई वृत्ति भन्ने चलन थियो । हनूमान्ढोकाको अभिलेखमा पनि 'वृत्तिभट-हरू बस्न छोडेको' भन्ने उल्लेख आएको छ । वृत्ति खाने व्यक्ति वार्त कहिन्थे । लिच्छविकालमा वार्त भन्नाले ठूलो अधिकारीलाई बुझाउँथ्यो । यताबाट वृत्तिभट शब्दको अर्थ खुल्दछ । चाहिएको बेलामा भर्ना गरिने अस्थायी सैनिकभन्दा पृथक् स्थायी मुख्य सैनिक भन्ने अर्थ बुझाउन वृत्तिभट शब्दको यहाँ प्रयोग भएको छ । ह्वाङ्गच्वाङ्गको वर्णनमा देशका मुख्यसैनिक राजदरवारको वरिपरि बस्छन् भनेर स्पष्ट लेखिएको हुनाले अघिका लिच्छवि राजा-ले बनाएको वृत्तिभटहरू बस्न छोडेको भनी यस खण्डित अभिलेखमा लेखिएको कुरो पुरानो राजदरवारकै वर्णन हो भन्ने कुरा प्रामाणिक रूपमा सिद्ध हुन्छ ।

अभिलेखको अन्त्यमा यहाँ पुनर्वसु नक्षत्रको उल्लेख आएको छ । *मुहूर्तचिन्तामणि* नामक प्रसिद्ध ज्योतिषी ग्रन्थ-अनुसार पुनर्वसु घर प्रतिष्ठा गर्नाको लागि असल नक्षत्र मानिएको छ । माथि दिइएका यी कुराको आधारमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा अंशुवर्मालि नै यस राजकीय दरवारको पुनर्निर्माण र परिवर्द्धन गरी यो शिलापत्र राखन लाएका हुन् भन्ने निष्कर्षमा हामी पुग्छौं ।

विक्रमको आठौं शताब्दीको उठानतिर लिच्छवि राजा नरेन्द्रदेवको पालामा वाङ्युङ्चे नामक चिनियाँ राजदूत भारत जान नेपालको बाटो पटक पटक गरी आएका थिए । उनले नेपालको राजदरवारको वर्णन लेखेर गएका छन् । यसै गरी यतातिर आएका अरू चिनियाँ यात्रुहरूले पनि भ्रमणवृत्तान्तको रूपमा नेपालको तात्कालिक राजदरवारको वर्णन गरेका छन् । चिनियाँहरूको वंशावलीमा ती वृत्तान्त संगृहीत छन् । राजदरवारको आकारप्रकारको सम्बन्धमा ती वर्णनबाट हामी निकै महत्त्वपूर्ण कुरा बुझ्न सक्दछौं । चिनियाँहरूको सो वर्णन अनुसार उनीहरूले देखेको राजदरवार भव्य र विशाल थियो । यस विषयमा *चिनियाँ वंशावली*मा यस्तो लेखिएको छ–

"नेपालको राजधानीमा एउटा भवन छ । अनेक तलामा विभक्त २०० च्यु अग्लो सो भवन ८० प्यूको घेरामा बनेको छ । यसको माथिल्लो भागमा दश हजार मानिस अटाउँछन् । तीन खण्डमा यो (दरवार) विभक्त छ तथा प्रत्येक खण्डमा साततले (घर) छन् । ढुङ्गा र बहुमूल्य रत्नहरूले ती सिंगारिएका छन् ।...

(के. पि. जायस्वालको *'क्रोनोलोजी याँएड हिस्ट्री अफ् नेपाल* (नेपालको तिथिमिति र इतिहास) नामक ग्रन्थको ८७ पृष्ठबाट अनूदित) ...

एक तलामा मात्रै दश हजार मान्छे अटाउने तीन खण्ड भएको लिच्छविकालको यो राजदरवार निकै विशाल थियो भन्ने कुरा हामी थाहा पाउँछौं । प्राचीन वास्तुशास्त्र तथा संस्कृतसाहित्यबाट पनि तात्कालिक राजदरवारको निर्माण विस्तृत भू-भागमा गरिएका हुन्थे भन्ने कुरा बुझ्न सकिन्छ । वास्तुशास्त्रसम्बन्धी ग्रन्थअनुसार राजधानीको तीन भागमा एक भाग अथवा चार भागको एक भागमा राजकुलको निर्माण हुन्थ्यो । सो राजकुल विभिन्न कक्षा अर्थात् खण्डमा विभक्त हुन्थे । राजपुत्रको लागि भिन्नै तथा बडामहारानीको लागि भिन्नै घर बनेका हुन्थे । त्यसै गरी देवकुल (मन्दिर), सभागृह, स्नानगृह, अन्तपुर, अरिष्टगृह (सुत्केरी हुँदा बस्ने घर) आदि छुट्टाछुट्टै बनेका हुन्थे । राजकुलको बीचमा राजाको प्रमुख भवन बनेको हुन्थ्यो । संस्कृत साहित्यका ग्रन्थहरूबाट पनि प्राचीन राजदरवारको विषयमा हामी केही कुरा बुझ्न सक्छौं । विशेष गरेर अंशुवर्माका समानकालिक उत्तर भारतका राजा हर्षका दरवारिया कवि बाणले लेखेको *हर्षचरित*मा गरिएको राजदरवारको वर्णन चाखलाग्दो छ । त्यस वर्णनअनुसार हर्षको राजकुल जम्मा तीन कक्षामा विभक्त थियो । राजकुलको मध्य-भागनिर धवलगृह नामक प्रमुख राजभवन थियो । गृहोद्यान (राजदरवारभित्रको बगैंचा), गृहदीर्घिका (राजदरवारभित्रको पोखरी), व्यायामभूमि, स्नानगृह, देवगृह, तोयकर्मान्त (पानी गोस्वारा), महानस (भान्छाघर), आहारमण्डप आदि त्यस राजकुलभित्र थिए ।

यिनको आधारमा दक्षिणराजकुलको आकारप्रकारको सम्बन्धमा पनि हामी केही विचार गर्न सक्छौं । जैसीदेवलबाट लगन जाने बाटोको माथि उद्धृत अभिलेखबाट दक्षिणराजकुलको सीमा त्यतातिरसम्म पुगेको थियो भन्ने बुझिनाले लिच्छवि दरवारको विशालतालाई ध्यानमा राखेर विचार गर्‍यौं भने सो राजकुल वर्तमान हनूमान्‌ढोकाको सेरोफेरोसम्म पुग्नु असंभव देखिँदैन । हनूमान्‌ढोकाको अभिलेखमा राजदरवारकै पुनर्निर्माणको कुरो परेको देखिनाले जैसीदेवलको हाराहारीसम्म पुगेको दक्षिणराजकुल नै अंशुवर्माले पुनर्निमाण गरेको राजकुल थियो भन्ने कुरा स्वतःसिद्ध हुन आउँछ ।

यसरी दक्षिणराजकुल जैसीदेवलदेखि हनूमान्‌ढोकासम्म फैलिएको थियो भन्ने बुझिनाले हनूमान्‌ढोका राजदरवारको प्राचीनताको सम्बन्धमा यताबाट महत्त्वपूर्ण कुरो प्रकाशमा आएको छ ।...

(*हनूमान्‌ढोका राजदरबारका* ८–१२ पृष्ठ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस्तै मेरी शेफर्ड स्लसरले पनि यस अभिलेखमा दरबारकै बयान गरिएको हो भनी लेख्नुभएको छ।[५२] डिल्लीरमण

---

५२. विद्आउट् स्पेड्वर्क् ओभर् ए लार्ज् एरइअ अफ् यङ्गाल/दक्षिणकोली, अर् ईभन् कन्सन्ट्रेट्इड् इन् जंसी-देवल्–टोल्, वी ह्याभ् नो वे अफ् नोइङ बियन्ड् दि एभ्इडन्स् आइ ह्याभ् प्रेजन्ट्इड् द्याट् दिस् वज् इन्डीड् द साइट् अफ् द लेट्अर् लिच्छवि प्याल्इस्। मोर्ओभर्, द म्याट्अर् इज् फरदर् कम्प्लिकेट्इड् बाइ द रीसन्ट् डिस्कभ्अरि याट् हनूमान् ढोका अफ् यान् इन्स्क्रिप्शन् ह्विच्, दो सीभिर्लि ड्याम्इज्ड्, रिफर्ज् टु 'ओल्ड् लिच्छवि प्याल्इस्इज्'* द्याट् अंशुवर्मन् ह्याज् याप्अर्अन्ट्लि रिस्टर्ड् (प्लेट् ५३)। सिन्स् दि इन्स्क्रिप्शन् इज् कार्भ्ड् अन् यान् इमेन्स् ब्लक्, नाउ पार्ट् अफ् द देगुतले टेम्प्ल् प्ल्याट्फर्म्, इट् सीम्ज् लाइक्लि द्याट् इट् ह्याज् अल्वेज् बीन् इन् प्रिट्इ मच् द सेम् प्लेस्। बट् वन् क्यान् हार्ड्लि कन्सीभ् अफ् ए प्याल्इस्, अर् सीरईज् अफ् प्याल्इस्इज्, हाउ-एभ्अर् इक्स्टेन्सिभ्, स्प्रेड ओभ्र् यान् एर्इअ याज् लार्ज् याज् हनूमान् ढोका, टु जंसीदेवल्–टोल्। दिस् इज् ए रिड्ल् अवेट्इङ सलुशन्, बट् इट् सर्टिन्लि सजेस्ट्स् द्याट् रत्नमल्ल'ज् फिफ्टिन्थ् सेन्चुर्इ प्याल्इस् वज् बाइ नो मीन्ज् द फर्स्ट् टु बी इरेक्ट्इड् याट् दिस् स्ट्र्याट्इजिक् प्लेस्।

(*नेपाल् मण्डल*को पहिलो भागको १२२ पृष्ठ।)

[यङ्गाल/दक्षिणकोलीको ठूलो इलाकामा वा ठीक जंसीदेवल–टोलमै खन्ने काम नगरीकन यो, वास्तवमा पछिको लिच्छविदरबारको पातालजग्गा हो भनी मैले पेश गरेको प्रमाणभन्दा बढी जान्ने उपाय हामीसँग छैन। अरू, हनूमान्ढोकामा हालै एउटा अभिलेख पाइएकोले यो विषय बढी अप्ठेरो हुन गएको छ। हुनत त्यो अभिलेख साह्रै नै नष्ट भइसकेको छ, तर पनि अंशुवर्माले मर्मत गरेका भनी थाहा पाइने गरी "पुराना दरबार" को त्यसमा चर्चा आएको छ (५३ सङ्ख्याको फलक)। अहिले देगुतलेमन्दिरको पेटीको हिस्सा भएर रहेको, बिघ्नै ठूलो ढिकोमा त्यो अभिलेख कुँदिएकोले यो सधैं उही ठाउँमा रहिरहेको हुनु सम्भव देखिन्छ; सरे पनि धेरै पर सरेको हुनु सम्भव छैन। तर जतिसुकै ठूलो भए पनि हनूमान्ढोकादेखि जंसीदेवलटोलसम्मको ठूलो इलाकामा फैलिएको दरबार वा दरबारका सिलसिलाको कल्पना मुश्किलले कसैले गर्न सक्छ। यो, हल हुन नसकेको अड्को हो, तर रत्न मल्लको विक्रमको सोह्रौं शताब्दीको दरबार, महत्त्व भएको यस ठाउँमा ठड्याइने पहिलो भने किमार्थ होइन भन्ने खयाल यसबाट पक्कै पनि उब्जिन जान्छ।

वन्लि ए फ्यू वर्ड्ज् रिमेन् अफ् अंशुवर्मन्'ज् प्रक्लेम्एशन् इन्ग्रेभ्ड् अन् ए फाउन्डेशन् कोर्स्, बट् इज् द वन्लि लिच्छवि मेन्शन् अफ् *किरात*, यान्ड् रिफर्ज् टु "ओल्ड् प्याल्इस्इज्"* याट् द फ्यूचर् साइट् अफ् हनूमान् ढोका, द मल्ल प्याल्इस् याट् काठ्मान्डू।

(*नेपाल् मण्डल*को दोस्रो भागको ५३ सङ्ख्याको तसवीरमुनि छापिएको वाक्य।)

[जगको कुनै खण्डमा कुँदिएको, अंशुवर्माको घोषणाका केही शब्द मात्र बाँकी छन्, तर यो, लिच्छवि लेखमा आएको *किरात*को एक मात्र उल्लेख हो र यसमा "पुराना दरबार"को चर्चा हनूमान्ढोका– काठमाडौं मल्लहरूको दरबार– पछि बन्ने ठाउँमा आएको छ।]

* मेरी स्लसरले उद्धरणचिह्नभित्र ओल्ड् प्याल्इस्इज् (पुराना दरबार) हाल्नुभएकोले मूल अभिलेखमा दरबारलाई बुझाउने शब्द छ भन्ने भ्रम पर्न जान्छ। त्यस्तै प्याल्इस्इज् भनी बहुवचन लेखिएकोले मूल अभिलेखमा बहुवचन-को प्रयोग भएको छ भन्ने अर्को भ्रम पर्न जान्छ। न अभिलेखमा दरबारलाई बुझाउने शब्द नै छ, नत पुरानोलाई बुझाउन बहुवचनकै प्रयोग भएको छ। विशेषणका रूपमा आएका चिरन्तनं (पुरानो) आदि सबै पद एकवचनमै छन् भन्ने कुरा पनि यहाँनिर लेखिहाल्नुपरेको छ। – महेशराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रेग्मीको पनि, यो बयान दरबारकै हो भन्ने आशय देखिन्छ ।[४३]

---

४३. ८९. देगुतले

द फाइभ् लाइन् इन्स्क्रिपशन् अन् ए लङ स्ल्याब् अफ् स्टोन् बीइङ ए पार्ट् अफ् द प्ल्याट्फर्म् अफ् द देगुतले टेम्प्ल् ब्रिङ्ज् आउट् द वर्ड्ज् *किरात वर्षधर* यान्ड् *चिरन्तनम् लिच्छवीराज करितम् पुरतन भित्ति भुजा रुपेत्म्* ।*

दिस् माइट् सजेस्ट् द्याट् देर् वज् ए रेफरन्स् टु ए *किरात* हूएभ्अर् ही माइट् बी, यान्ड् द्याट् ए प्यालइस् वज् बिल्ट् बाइ द लिच्छवि किङ्ज् ह्विच् ह्याड् बीन् डिस्ट्रइड् इन् कोर्स् अफ् टाइम् यान्ड् द स्टेट् अफइसअर्ज् ह्याड् निग्लेक्टइड् टु रिपेर् द सेम् । नाउ दि इन्टाइर् प्रेमइसइज् ह्याभ् बिकम् ए प्लेग्राउन्ड् फर् बर्ड्ज् यान्ड् आनइमल्ज् ।

द प्यालइस् सेड् टु ह्याभ् बीन निग्लेक्टइड् यान्ड् गन् इन्टु डिल्यापिडेशन् इज् प्रयाक्टिकल्लि अन्नोन् । द स्क्रिप्ट् इज् अफ् लेट् ब्राह्मी अफ् नरदर्न् भराइइटि बिलङ्इङ टु द ७थ् सेन्चुरइ ए. डी. । सम् माइट् टेक् इट् याज् द रूइन्ज् अफ् मानगृह । याज् द प्यालइस् नोन् याज् कैलासकूत वज् जस्ट् कनस्ट्रक्टइड् यान्ड् मानगृह ह्याड् कन्टिन्यूड् टु बी ए सीट् अफ् द किङ्ज् द रूइन्ज् डू नट् अब्भिअस्लि बिलङ टु देम् । सो द प्यालइस् टक्ड् अबाउट् इज् ए डिफ्रन्ट् वन् । नन् आर् इन् ए पजिशअन् टु नो द्याट् द प्यालइस् स्ट्रक्चर् वज् ए परटिकयुलर् वन् ।

समवन् ह्याड् सजेस्टइड् द्याट् दिस् वज् दक्षिनराजकुल । बट् द सजेस्चन् इज् मेड् विदआउट् एनइ बेसइस् यान्ड् अगेन् द क्वेस्चन् कम्ज् याज् टु ह्वेर् दिस् राजकुल वज् सिट्युएटइड् यान्ड् टु ह्विच् फ्याक्टर् इट् इज् रिलेटइड्, टु द प्यालइस् अर् टु ए ब्रान्च् अफ् द फ्यामइलि ।

(इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल्को तेस्रो भागको १५५ पृष्ठ ।)

४३ ८९. देगुतले

देगुतलेमन्दिरको पेटीको एक हिस्सा भइरहेको लामो शिलापट्टमा भएको पाँच पङ्क्तिको त्यस अभिलेखमा *किरात वर्षधर* र *चिरन्तनम् लिच्छवीराज करितम् पुरतन भित्ति भुजा रुपेत्म्* भन्ने शब्द स्पष्ट देखिन्छन् । किरात जोसुकै भए पनि त्यहाँ किरातको चर्चा छ र लिच्छवि राजाहरूले कुनै दरबार बनाएका थिए, कालगतिले गर्दा त्यो बिग्रिएको थियो र त्यसको मर्मत गर्न राज्यका अधिकारीहरूले वास्ता गरेका थिएनन् भन्ने कुरा यसबाट बुझ्न सकिएला । अहिले सारा सेरोफेरो चरा र जनावरहरू खेल्ने ठाउँ भएको छ ।

वास्ता नगरिएको र भत्किन गएको भनी भनिएको त्यो दरबार कुन हो भन्ने कुरा वास्तवमा थाहा छैन । त्यसको लिपि विक्रमको आठौँ शताब्दीको उत्तरी किसिमको पछिल्लो ब्राह्मी छ । केहीले यस [दरबार]लाई मानगृहको अवशेष भनी अर्थ लाउँछन् होला । कैलासकूट भन्ने दरबार भरखरै बनाइएकोले र मान-

* डिल्लीरमण रेग्मीका पाठ कति अप्रामाणिक छन् भन्ने कुराको नमूनाको लागि उहाँको *प्राचीन नेपालका अभिलेख*को पहिलो भागको ८५ पृष्ठमा छापिएको यही अभिलेखको चिरन्तनं लिच्छविराजकारितं [पुरा] तनै वृ त्तिभ ट्टं प्ररूपे [क्षितम] भन्ने पाठसँग माथिको पाठ दाँज्नु नै पर्याप्त हुन्छ । —महेशराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सो अभिलेख खण्डित भएकोले ती विशेषण दरबारमै लगाइएका हुन् भनेर ठोकेर भन्न त सकिँदैन । त्यसो भए पनि राजाको धरबारमा *किरात वर्षधर* आदि राखिने व्यवस्था भएको कुरा *कौटलीय अर्थशास्त्र*बाट बुझिएकोले र त्यसका उदाहरण संस्कृतसाहित्यमा भेटिएकोले पनि[४४] हनूमान्ढोका दरबारको सेरोफेरोमा पाइएको यस अभिलेखमा पनि फिरात र वर्षधरको चर्चा आएकोले त्यो अभिलेख पुरानो दरबारको विषयमा लेखिएको हो भनी बढी जोड दिन सकिने भएको छ ।

हनूमान्ढोका दरबारको सेरोफेरोमा पाइएको, लिच्छविकालको त्यस अभिलेखका सम्पादक वा त्यस अभिलेखको चर्चा गर्ने जतिले त्यस अभिलेखमा दरबारकै बयान गरिएको भनेर ठोकेर लेख्दा लेख्दै र त्यस अभिलेखमा किरात शब्द देख्दा देख्दै पनि धनवज्र गुरुलाई छोडेर[४५] अरु कसैले पनि त्यस अभिलेखलाई *कौटलीय अर्थ*-

---

गृहमा राजाहरू बसी नै रहेकाले यो अवशेष तिनको होइन भन्ने स्पष्टै छ । चर्चा गरिएको सो दरबार यसैले अर्के हो । त्यो दरबार कुन हो भनी थाहा पाउने अवस्थामा कोही पनि छैन ।

यो दक्षिणराजकुल हो भनेर कसैले सुझाएका थिए । तर त्यो सुझाउ आधारविनाको छ र फेरि यो राजकुल कहाँ थियो र यो कुन अवस्थामा त्यो दरबार वा त्यस वंशको कुनै हाँगोसँग सम्बद्ध थियो भन्ने प्रश्न उठ्छ ।◆

४४. वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्कुरमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको *इतिहास–संशोधनको प्रमाण–प्रमेय*का १९९–२०१ पृष्ठ ।

४५. ...हालै हनूमान्ढोकानिर पाइएका एक अभिलेखले पनि लिच्छवि राजदरबारमा किरातको उपस्थिति थियो भन्ने कुरा प्रामाणिक रूपमा देखाएको छ । हनूमान्ढोकाको सो अभिलेख खण्डित छ । तर त्यसमा 'राजभवन*...किरात' भन्ने स्पष्ट उल्लेख परेको छ । सो अभिलेख अंशुवर्माको ताकाको हो ।

◆डिल्लीरमण रेग्मीले सोही पुस्तकको अर्को भागमा यो बयान दरबारको वा देवस्थलको हो भनी लेख्नुभएको छ—

[एक्सेप्ट् द वर्ड् किरातवर्षधर, यान्ड् द स्टेट्मन्ट् द्याट् ए प्यालाइस् अर् श्राइन् वज् बिल्ट् लङ अगो बाइ लिच्छवि किङ्ज् बट् इग्नोर्ड् बाइ लेटअर् किङ्ज्' मेन् यान्ड् नाउ लेफ्ट् इन् ए डिल्यापिडेटेड् कन्डिशन् नथिङ मोर् इज् नौन् ।]

(इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल्को दोस्रो भागको ५३ पृष्ठ ।)

[किरातवर्षधर भन्ने शब्द र लिच्छवि राजाहरूले धेरै अगाडि बनाएको कुनै दरबार वा मन्दिर थियो, तर पछिका राजाहरूका मान्छेहरूले त्यसको वास्ता राखेका थिएनन् र अहिले भत्किएको अवस्थामा त्यसलाई रहन दिइएको थियो भन्ने कुरासिवाय अरू बढी कुरा बुझिँदैन ।]

* हनूमान्ढोकाको त्यस अभिलेखमा राजभवन भन्ने स्पष्ट उल्लेख परेको छ भनी धनवज्र गुरुले यहाँ लेखे पनि उहाँले नै पढेको पाठमा पनि राजभवनको उल्लेख पाइँदैन । –महेशराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शास्त्रको परम्परासँग जोड्न सक्नुभएको छैन ।[४८]

यहाँ एउटा अर्को कुरामा पनि दृष्टि दिनुपरेको छ । राजाको अन्तःपुरमा व्यभिचार जालभेल आदि नहोस् भनी किरात, वामन, नपुंसक आदि नियुक्त गरिन्थे । यस कुराको उल्लेख कौटलीय अर्थशास्त्र आदि ग्रन्थमा पाइन्छ । राजाले आत्मरक्षा कसरी गर्नुपर्छ भन्ने कुरा बताउँदै जाँदा आचार्य कौटल्यले 'तेस्रो कक्षामा कुप्रा, बाउन्ने र किरातहरूले पहरा दिनू' भनी लेखेका छन् ।... संस्कृतवाङमयमा अन्त पनि यस कुराको उल्लेख पाइन्छ । ...

(*लिच्छविकालका अभिलेख*को ४६ पृष्ठ ।)

५६. इन्स्क्रिप्शन् भी इज् अफ् प्यारअमाउन्ट् इम्पर्टअन्स् फर् द जेन्अरअल् हिस्टरि अफ् नेपाल् । इन् द एथ्न–पलिट्इकल् हिस्टरि अफ् नेपाल् दि एग्जिस्टन्स् प्राइअर् टु द लिच्छवि अक्युपेशन् अफ् द काठ्मान्डु भ्यालइ अफ् ए पीप्ल् नोन् याज् द किरात ह्याज् बीन् फर् मेनइ यर्ज् ए कन्टेन्डइड् इसयु । आउर नलइज् अबाउट् दीज् सीमइङलि मिथ्इकल् पीप्ल् ह्याज् हीर्टुफोर् बीन् लिमिटइड् टु ब्रीफ् यान्ड् अनसब्स्टन्शिएट्इड् रेफ्रन्स्इज् टु देम् इन् क्रनिक्लज् कम्पाइल्ड् मेनइ सेन्चुर्इज् आफ्टर् देर् टाइम् । बट् नाउ, विथ् दि एन्ट्रि, "किरातवेषधर (वेर्इङ ड्रेस् अफ् द किरात)", इन्स्क्रिप्शन् भी प्रभाइड्ज् आउर् फर्स्ट् अन्इक्विभ्अकल्, कन्टेम्परर्रि रेफ्रन्स् टु द किरात यान्ड् सीम्ज् टु सब्स्टन्शिएट् देर् रीअलइटि । दस्, दि इन्स्क्रिप्शन्, डिस्पाइट् इट्स् ल्याम्एन्ट्एब्ल्लि फ्र्याग्मन्टरि कन्डिशन्, इज् यान् एक्स्ट्रीम्लि इम्पर्टअन्ट् ल्यान्ड्मार्क् इन् द हिस्टरि अफ् नेपाल् ।

(*कैलाश*को पहिलो वर्षको १२१ पृष्ठ ।)

[पाँचौं अभिलेख नेपालको सामान्य इतिहासको लागि सबैभन्दा बढी महत्त्वको छ । लिच्छविहरूले नेपालखाल्डोमा दखल जमाउनुभन्दा अगाडि किरात भन्ने कुनै जातिको सत्ता नेपालको नृतत्त्वको र राजनीतिको इतिहासमा धेरै वर्षदेखि वादविवादको विषय भएर रहेको छ । मनगढन्त देखिने यस जातिको विषयमा हाम्रो ज्ञान तिनीहरूको समयभन्दा सयौं वर्षपछि तयार गरिएका वंशावलीमा तिनीहरूको विषयमा गरिएको छोटा र अप्रमाणित चर्चामा अहिलेसम्म सीमित भएर रहेको छ । तर अहिले, किरातवेषधर (किरातको वेष धारणा गर्ने) भन्ने जनोटले गर्दा पाँच सङ्ख्याको अभिलेखबाट किरातको विषयमा दोहरो अर्थ नलाग्ने, त्यही बेलाको चर्चा पहिलो पटक हामीलाई जुट्न गएको छ र त्यसबाट तिनीहरू साँच्चिकै भएका हुन् भन्ने कुरा प्रमाणित हुन खोजेको देखिन्छ । यस कारण दुःख लाग्ने गरी खण्डित अवस्थामा भए तापनि त्यो अभिलेख नेपालको इतिहासमा ओधि महत्वको वस्तु भएको छ ।]

ध्याट् सम् अफ् द किरात वेर् ड्वेल्इङ इन् द काठ्मान्डु भ्यालइ यात् द टाइम् अफ् द लिच्छवि कङक्वेस्ट् इज् लेन्ट् ए सर्टिन् क्रीडिबिलइटि बाइ नेपालीज् रेक्अर्ड्ज् । दि अर्लि क्रनिक्लज् (*वंशावलीज्*), प्राइमरि सोर्स्इज् फर् नेपाली हिस्टरि, प्रभाइड् इम्प्रेस्इभ् जोनियाल्अजिज् अफ् द किरात किङ्ज् । दीज् किङ्स्, क्लेम् द क्रनिक्लज्, रेस्ट्इड् द काठ्मान्डु भ्यालइ फ्रम् सर्टिन् पास्टरल् डिन्यास्टिज्, द गोपाल यान्ड् महिषपाल (काउ यान्ड् बफ्अलो हर्ड्अर्ज्), बिफोर् दे वेर् इन् टर्न् कङकर्ड् बाइ द लिच्छविज् । द लिच्छविज् आर् साइलन्ट् अबाउट् देर् वोन् कङक्वेस्ट् अफ द काठ्मान्डु भ्यालइ, बट इन् ए पुनीत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अकरएन्स् दि आइसोलेटड्ड वर्ड् किरात अर् *किरात* * अपीर्ज् इन् ए न्यूलि डिस्कभर्अर्ड् बट् डिस्अपइन्टइङ्ग्लि फ्याग्मन्टरि डेस्क्रिप्शन् (प्लेट् ५३)।

(*नेपाल् मण्डल*को पहिलो भागको १० पृष्ठ।)

[लिच्छविहरूले नेपाल जित्दाखेरि किरातहरूमध्ये केही नेपालखाल्डोमा बसिरहेका थिए भन्ने कुरामा नेपाली लिखतहरूबाट केही प्रामाण्य मिलेको छ। नेपाली इतिहासको मुख्य आधार भएका, पुराना वंशावलीबाट किरात राजाहरूको प्रभावोत्पादक पुस्तेवारी जुट्न गएको छ। यी राजाहरूलाई लिच्छविहरूले जित्नुभन्दा अगाडि यिनीहरूले गोपाल र महिषपाल (गाई र भैंसी पाल्नेहरू) भन्ने सुनिश्चित राजवंशबाट नेपालखाल्डो खोसेर लिएका थिए कुरा वंशावलीहरूमा दावा गरिएको छ। आफूहरूले नेपालखाल्डो जितेको विषयमा लिच्छविहरूले केही बोलेका छैनन्, तर किरात भन्ने शब्द हालै पत्ता लाएको, तर हिस्याउने गरी खण्डित भएको अभिलेख (५३ सङ्ख्याको फलक) मा अनौठो परिबन्दमा टक्रक्क देखा पर्छ।]

* मेरी स्लसरले यहाँ किरात शब्द दोहऱ्याई पहिलो किरातको के अक्षर ठूलो र दोस्रोको चाहिँ सानो लेख्नुभएको छ। यसको अर्थ किरात शब्दले किरात जातिलाई वा कुनै पनि आदिवासीलाई बुझाएको हो भन्ने उहाँको विचार हो भन्ने कुरा उहाँका तलका वाक्यबाट बुझिन्छ–

···इन् हिज् प्ले *कादम्बरी*, बाण इन्क्लूड्ज् किरातज् इन् प्याल्इस् रेट्इन्यू, अलङ् बिथ् हन्च्ब्याक्स्, ड्वर्फ्स्, यान्ड् अदर् अनयूजुअल् परसन्ज्। इन् दीज् यान्ड् सिमइलर् रेफ्रन्सइज्, इट् इज् कनसीभ्एब्ल् द्याट् रादर् द्यान् "किरात" ए स्पिसिफ्इक् एथ्निक् ग्रूप्, द वर्ड् इज् इन् फ्याक्ट् *किरात*। याज् सजेस्टड्ड बाइ द कम्पोनन्ट्स् *किर* (एज्) यान्ड् *अत्* (टु रोम्), *किरात* मे रिफर् ब्रोड्लि टु एनइ याबअरइजइनअल् पीप्ल् हू "रोम्ड् दि एज्" अफ् दि एरइअनाइज्ड् सेट्ल्मेन्ट्स् अफ् द ग्यान्जेटइक् प्लेन्ज्।···

(*नेपाल मण्डल*को पहिलो भागका ९–१० पृष्ठ।)

[दरबारका नोकरहरूमा कुप्रा, बाउन्ने र अरू असामान्य मानिसहरूसँगै बाणले आफ्नो नाटक *कादम्बरी*मा किरातहरूलाई समावेश गरेका छन्। यी र उस्तै चर्चा आउँदा खास जातिसमुदाय भएको किरातभन्दा त्यो शब्द *किरात*-हुनु पो कल्पनीय छ। *किर* (छेउ) र *अत्* (घुम्नु) भन्ने घटकद्वारा सुझाए जस्तै, *किरात*ले मोटामोटीमा गङ्गाको मैदानमा भएका आर्यहरूका बस्तीका "छेउमा घुम्ने" कुनै पनि आदिवासी जातिको चर्चा गरेको हुन सक्छ।]

यहाँ पनि स्लसरले किरात शब्दमा सानो ठूलो गरी दुइ थरी के लेख्नुभएको छ।

वि. सं. २०३९ मा स्लसरले व्यक्त गर्नुभएको यो विचार वि. सं. २०३० मै गौतमवज्रले सूत्ररूपमा व्यक्त गरिसक्नुभएको थियो–

आइ यूज् द फशनरि फ्रेज् "सीम्ज् टु सबस्टनशिएट" सिन्स् दि एन्ट्रि, अनक्यापिटलाइज्ड् अफ् कोर्स्, कुड् रिफर् ईक्वल्लि टु किरात, ए टर्म् सिम्प्लि मीनइङ "बार्बेरियन्।"

(*कैलाश*को पहिलो वर्षको १२१ पृष्ठ।)

[ठूलो अक्षरमा नलेखिएको त्यस जनोटले भने खालि "म्लेच्छ"लाई बुझाउन सक्ने भएकोले मैले "प्रमाणित हुन खोजेको देखिन्छ" भनी सावधान गर्ने वाक्यांशको प्रयोग गरेको हुँ।]

स्लसरले *कादम्बरी*लाई नाटक भने तापनि *कादम्बरी* नाटक नभई कथा वा आजभोलिको भाषामा उपन्यास हो।

– महेशराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम् पीप्ल् माइट् सजेस्ट् द्याट् दि एक्स्प्रेशन् किरातवर्षधर माइट् एक्स्प्लेन् फ्याक्ट्स् विथ् रिगार्ड् टु द किरात डिन्यास्टि ह्विच् इज् सेड् टु ह्याभ् बीन् रूल्इङ ओभर् द कन्ट्रि इन् दि एन्शन्ट् पास्ट् । अकर्ड्इङ टु द क्रनिक्ल्ज् द किरात डिन्यास्टि वज् भेर्इ मच् इन् पाउअर् बिफोर् द लिच्छविज् । दि डिन्यास्टि केम् इन्टु एग्जिस्टन्स् आफ्टर् द महिषपालज् । बट् देर् इज् नो रिलाइअब्ल् एभ्इडन्स् टु सपोर्ट् द किरात डोमिनेशन् इन् द भ्यालइ । नेम्ज् आर् गिभ्न् बाइ द क्रनिक्लर्ज्, यान्ड् दीज् आर् सेड् टु बिलङ टु किङ्ज् हू रूल्ड् फर् २९ जेनेरेशन्ज् । इट् इज् सेड् द्याट् ए किरात किङ इन्जइड् दि अनअर् अफ् फाइट्इङ ए ब्याट्ल् इन् द महाभारत वर् । वन् अथर् गोज् ईभ्न् टु दि इक्स्टेन्ट् अफ् सेइङ द्याट् स्थुङ्को, ए किङ अफ् द्याट् रेस्, ह्याड् पिल्इज्ड् दि अशोकन् रेल्इक्स् इन् द लुम्बिनी एर्इअ टु अभेन्ज् द कङक्वेस्ट् अफ् द सेम् प्लेस् बाइ किङ अशोक अफ् मगध । बट् अल् दिस् इज् ए फिग्मन्ट् अफ् इम्याजिनेशन् । द किरात डिन्यास्टि लीभ्ज् नो ट्रेस्इज् इन् हिस्टरि सो द्याट् वी क्यान् काउन्ट् देम् इन् सपोर्ट् अफ् देर् इन्फ्लुअन्स् इन् द हिस्टरि यान्ड् कल्चर् अफ् एन्शन्ट् नेपाल् । इफ् नेवारी वज् ए पप्युलर् ल्याङग्विज् इन् दोज् डेज् द मङगल्अइड् इन्फ्लुअन्स् इज् इन्डेल्इब्ल् बट् दिस् इज् कन्फाइन्ड् ओन्लि टु द डाइअलेक्ट् स्पोक्न् । इन् नो अद्अर् कल्चरल् स्फीज् द किरातस् आर् इन् एभ्इडन्स् । सो एनइ हाइपथ्इसिस् इन् द्याट् कनेक्शन् माइट् बी रूल्ड् आउट् याट् दिस् स्टेज् । इफ् सोर्स् मटीर्इअल्ज् आर् फोर्थ्कम्इङ इन् कोर्स् अफ् सर्च् फर् देम्, द म्याट्अर् इज् डिफ्रन्ट् । बट देन् अल् दिस् शुड् बी लेफ्ट् टु फ्यूचर् कन्सिडेरेशन् । बट् फर् द प्रेज्न्ट् वी श्याल् बी कन्टेन्ट् विथ् दि अब्जर्भेशन् द्याट् देर् वेर् सम् पीप्ल् अफ् किरात अर्इजिन् इन् द भ्यालइ टु हूम् द रेक्अर्ड् मेक्स् ए रेफ्रन्स् । बट् देन् द क्वेस्चन् मे कम् याज् टु हू आर् दीज् किरातस् टु ह्विच् एथ्निक् स्टक् दे बिलङ यान्ड् ह्वट् पजिश्अन् दे हेल्ड् इन् द कोर्ट् । सर्प्राइज्इङलि इनफ् देर् इज् नट् वन् नेम् अफ् यान् इन्डिभिड्युअल्, आइदर् दूतक अर् अफिश्अल् हू बेर्ज् ए नेम् इन् द स्यान्स्क्रिट्इक् ल्याङग्विज् ।

(*इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल्*को तेस्रो भागका १५५–१५६ पृष्ठ ।)

[प्राचीन कालमा त्यस मुलुकमा शासन चलाइरहेको भनी भनिएको किरातवंशको विषयमा तथ्यको व्याख्या किरातवर्षधर भन्ने शब्दबाट हुन सक्छ भनी केही मानिस सुझाउँछन् होला । वंशावलीअनुसार, लिच्छविहरूभन्दा अगाडि किरातवंशको अत्यन्त अख्तियार थियो । त्यो वंश महिषपालहरूपछि सत्तामा आयो । तर नेपालखाल्डोमा किरातहरूको आधिपत्य भएको कुराको समर्थन गर्न कुनै भरपर्दो प्रमाण छैन । वंशावली लेख्नेहरूले नाउँ दिएका छन् र ती (नाम) २९ पुस्तासम्म राज्य गर्ने राजाहरूका हुन् भनी भनिएको छ । महाभारतको लडाइँमा लड्ने सम्मान एक जना किरात राजाले पाएका थिए भनी भनिएको छ । मगधका राजा अशोकले लुम्बिनी क्षेत्र जितेको कुराको बदला लिन किरात जातिका कुनै राजा स्थुङ्कोले लुम्बिनी क्षेत्रमा रहेको अशोकको सम्झौटो लुटेका थिए भन्नसम्म पनि एकजना रचयिता पुगेका छन् । तर यो सबै, कल्पनाको उपज हो ।* प्राचीन नेपालको इतिहास र संस्कृतिमा किरातहरूको प्रभावको समर्थन गर्न किरातहरूलाई

* केशरबहादुर खत्री क्षत्रीले लेखेको यस कुराको सप्रमाण खण्डन वि. सं. २०१२ मा धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा प्रकाशित उहाँहरूकै *इतिहास-संशोधन* ५ संख्यामा गरिएको छ । तर अरूका खोजी चोरचार गरी आफ्नो नाउँमा दर्ता गर्ने बानी डिल्लीरमण रेग्मीको भएकोले उहाँले यो कुरा आफ्नै खोजी जस्तो गरी यहाँ लेख्न पुगनुभएको छ । – महेशराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धनवज्र गुरुले *किरातवर्षधर* भनी शुद्ध पाठ पढे पनि *अमरकोष*मा नपाइएकोले होला, अरू कोषहरूमा र प्राचीन ग्रन्थहरूमा पाइने *वर्षधर* शब्दको अर्थ उहाँले गर्न सक्नुभएन। यसैले *अर्थशास्त्र*को परम्परासँग उहाँले वर्षधरलाई जोड्न सक्नुभएन। रेग्मीजीको त कुरै छोडौं, अरूका लेख चोरचार गरी सर्वसाधारणको आँखामा छारो हालेर ऐतिहासिक कहलाउन सफल भए पनि उहाँ यस्ता विषयमा अझै निकै कच्चै हुनुहुन्छ भन्ने कुरा उहाँको हालै निस्केको, माथि चर्चा गरिएको *प्राचीन नेपालका अभिलेख*का पत्रपत्रले हामीलाई बताइरहेछन्। गौतमवज्र र धनवज्र गुरुको पाठभेद औंल्याएर पनि संस्कृतका पाश्चात्य ढङ्गका कोषमा पाइने वर्षधर[४७] शब्दको अर्थ गर्न थियोडोर रिकार्डीले नसक्नुभएको कुरा पनि यहाँनिर सम्झनुपरेको छ।

हामीले गन्न सक्ने गरी किरातवंशले इतिहासमा कुनै चिह्न छोडेको छैन। त्यस बेला नेवारी जनभाषा थियो भने मङ्गोल प्रभाव अमिट छ, तर यो, बोलचालीको भाषामा मात्र सीमित छ। संस्कृतिसम्बन्धी अरू कुनै पनि विषयमा किरातहरूको प्रमाण पाइएको छैन। यस कारण त्यससम्बन्धी कुनै पनि प्रतिज्ञा यस अवस्थामा हटाउन सकिन्छ होला। खोजीको सिलासिलामा सामग्रीहरू आउँछन् भने अर्कै कुरा हो। तर अर्कोतिर यी सबै कुरा पछि विचार गर्ने भनेर पन्छाउनुपर्छ। तर ती लिखतहरूमा चर्चा गरिएका किरातमूलका केही मानिस नेपालखाल्डोमा थिए भनेर अहिलेको लागि हामी सन्तुष्ट हुनुपर्छ। तर अर्कोतिर यी किरात को हुन्, यिनीहरू कुन जातिका हुन् र दरबारमा यिनीहरू कुन स्थितिमा थिए भन्ने प्रश्न उठ्न सक्छ। छक्क लाग्ने कुरा के छ भने, एक जनाको – दूतक वा अधिकारीको – पनि संस्कृतभाषाको नाउँ छैन।]

४७. वर्षधर... एम्. =वर्षवर ओइनुक् (डी सामेनेर्गीसुङक् जुन्विक्हाल्टेन्ड्) हलाय्. २, २७५। शब्दार्थक्. बाइ विल्सन्, एर्. २,६५,७ (वर्षवर एड्. बम्ब्.)। भार्. नाट्यश्. ३४,५२. ५५. ५७। काम्. नीतिस्. ७,४१ (वर्षवर कम्.)। मालव्. ४७, १५। पञ्चत्. ४३, ५. ५३,२।

(वि.सं. १९२८ मा सेन्ट पिटर्सबर्गबाट बुखड्र्केराइ डेर कैजरलिखेन अकाडेमी डेर विसेनशाफ्टनद्वारा प्रकाशित अत्तो बोटलिङ्क र रुडोल्फ रोथको सन्स्क्रिट् वोर्टर्बुख् [संस्कृतकोष] को छैटौं भागको ८०१ पृष्ठभाग)

[वर्षधर... पुं. = वर्षवर खसी पारेको मान्छे (वीर्यको वेग फर्काएर रोक्ने) हलायुध २, २७५। विल्सन्को ग्रन्थमा चर्चा भएको शब्दार्थकल्पतरु। रामायण २,६५,७ (बम्बईसंस्करणमा वर्षवर)। भारतीय नाट्यशास्त्र ३४,५२. ५५.५७। कामन्दकीय नीतिसार ७,४१ (टीकामा वर्षवर)। मालविकाग्निमित्र ४७,१५। पञ्चतन्त्र ४३,५.५३,२]

वर्षवर (वर्ष सो फाउ. आ. सामेनेर्गीसुङक् उन्ट् वर हेमुङक्, जुन्विक्हाल्टुङक् ओडर् हेम्मेन्ट्, जुन्विक्हाल्टेन्ड्) एम्. ओइनुक् आका. २,८,१,९। हा. ७२८। हरिव्. ३२१७। एर्. गोर्. २,१७, २. ६७, ५.७, १०९, १०। दशर्. २,४२। रत्नाव्. २७,७। मालतीम्. १६,१६। – फेर्ग्लाइख् वर्षधर ...

(उही ८०१–८०२ पृष्ठभाग।)

[वर्षवर (वर्ष यसरी मुख्य गरी वीर्यको वेग र वर रोकावट, फर्काएर रोक्ने काम वा रोक्ने, फर्काएर रोक्ने) पुं. खसी पारेको मान्छे अमरकोष २,८,१,९। हेमचन्द्रको अभिधानचिन्तामणि ७२८।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ परिशिष्ट

नपुंसकको अर्थमा शण्ड, शण्ढ, षण्ड, षण्ढ यी चारै रूप कोषमा चढेका छन्

–महेशराज पन्त

नपुंसकका पर्याय दिंदा माथि मूल लेखमा *अमरकोष*बाट उद्धरण गर्दा षण्ढ र *अमरकोष*को कुनै टीका *टीकासर्वस्व*को उद्धरणमा भने षण्ड भएकोले यस विषयमा केही लेख्नुपरेको छ ।

शण्डः, पुं. नपुंसकम् । गोपतिः । इति भरतद्विरूपकोषः ।।[1]

[शण्डः, पुं. नपुंसक (र) साँढे । यस्तो भरतको *द्विरूपकोष*मा लेखिएको छ ।]

यसरी भरतको *द्विरूपकोष*मा शण्ड रूप भएको कुरा थाहा भएकोले शण्ड रूप चलेको कुरा सिद्ध हुन्छ ।

'शण्ढः क्लीबस्तु कञ्चुकी'

इति (तालव्यादौ) रभसः ।[2]

[अघिल्तिर तालव्य भएकोमा– शण्ढः क्लीबस्तु कञ्चुकी भनेर रभसले लेखेका छन् ।]

हरिवंश ३२१७ । गोरेसिओले सम्पादन गरेको रामायण २ १७, २ . ६७, ५. ७, १०९, १० । बोटलिङ्कको सङ्ग्रहमा दशरथको मृत्यु २, ४२। रत्नावली २७,७ । मालतीमाधव १६, १६ । – वर्षधरसँग दाँज]

वर्षधर... एम्.... 'विथ्होल्ड्इङ जेन्अरेटिभ् फ्लूइड्' ए यूनक्, अटेन्डचान्ट् अन् द वुमेन्' ज् अपार्ट्मन्ट्स्, काव्; पञ्चत्. ईटीसो. । ... वर्षवर, एम्. ए यूनक्, वन् इम्प्लइड् इन् द वुमेन्'ज् अपार्ट्मन्ट्स्, काद्.

(वि. सं. २०२७ मा दिल्ली वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, मोनियर मोनियर विलियम्जको *ए स्यान्स्क्रिट्–इङ्ग्लिश् डिक्शन्अरि* [संस्कृत–अङ्ग्रेजी कोष]का ९२६–९२७ पृष्ठ ।]

[वर्षधर पुं. 'वीर्य रोक्ने' खसी पारेको मान्छे, स्वास्नीमान्छेहरूका लङमा टहल गर्ने, काव्य; पञ्चतन्त्र इत्यादि । वर्षवर पुं. खसी पारेको मान्छे, स्वास्नीमान्छेहरूका लङमा जागीरे, कादम्बरी ।]

वर्षधरः ... ए यूनक्, यान् अटेन्डचान्ट् अन् द वुमेन्' ज् अपार्ट्मन्ट्स्; एम्. ४;...वर्षवर : ए यूनक्, याम् अटेन्डचान्ट् अन् द वुमेन्'ज् अपार्ट्मन्ट्स् ।

(वि. सं. २०२२ मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, वामन शिवराम आप्टेको *द प्र्याक्टिकल् स्यान्स्क्रिट्–इङ्ग्लिश् डिक्शन्अरि* [व्यावहारिक संस्कृत–अङ्ग्रेजी कोष]का ८३४–८३५ पृष्ठ)

[वर्षधरः खसी पारेको मान्छे, स्वास्नीमान्छेहरूका लङमा टहल गर्ने; मालविकाग्निमित्र ४; वर्षवरः खसी पारेको मान्छे, स्वास्नीमान्छेहरूका लङमा टहल गर्ने ।]

१. *शब्दकल्पद्रुम*को पाँचौं भागको १४ पृष्ठ ।

२. *अमरकोष*को *रामाश्रमी* टीका १।८।९।

[*व्याख्यासुधा (रामाश्रमी)* सहितको *अमरकोष*को २६९ पृष्ठ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी रभसकोषमा शण्ढ रूप भएको थाहा भएकोले शण्ढ रूप पनि चलेको कुरा सिद्ध हुन्छ ।

षण्डो वर्षवरः समौ ।[३]

[षण्ड र वर्षवर उही हो ।]

अथ क्लीबः पण्डः षण्डो नपुंसकम् ।
तृतीयाप्रकृतिश्च [४]

[अनि नपुंसक भनेको क्लीब, पण्ड, षण्ड र तृतीयाप्रकृति पनि हो ।]

षण्डाविट्चरपण्डकौ ।।[५]

[षण्ड भनेको इट्चर [साँढे] वा पण्डक [नपुंसक] हो ।]

यसरी वैजयन्तीमा षण्ड रूप दिइएकोले षण्ढ रूप पनि चलेको कुरा सिद्ध हुन्छ ।

---

३. *वैजयन्ती* ३।७।२३ ।

[वि. सं. २०२८ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, हरगोविन्द शास्त्रीको *श्रीयादवप्रकाशाचार्यविरचितः वैजयन्तीकोषः* [श्रीयादवप्रकाश आचार्यले बनाएको वैजयन्तीकोष]को ७६ पृष्ठ ।

४. उही ४।४।३ । [१२७ पृष्ठ] ।

५. उही६।१।६० । [१६२ पृष्ठ] ।

त्यहाँ षण्डौ *विट्चरपण्डकौ* छापिएको छ । वि. सं. १९४९ मा मद्रासबाट प्रकाशित गुस्ताभ ओपर्टको द *वैजयन्ती अफ् यादवप्रकाश* [यादवप्रकाशको वैजयन्ती] मा (२१९ पृष्ठमा) पनि षण्ढौ *विट्चरपण्ढकौ* नै छापिएको छ । *विट्चर* भन्ने शब्दको अर्थ *गुहुमा चर्ने* भन्ने हो । यो शब्द सुङ्गुरमा रूढ छ । तर षण्ड शब्दले सुङ्गुरलाई बुझाउने कुरा थाहा नभएकोले षण्डौ *विट्चरपण्डकौ* भन्ने पाठमा शङ्का उठ्न गएको छ । वैजयन्तीमा षण्ड शब्द अरू अरू अर्थमा गरी अरू दुइ पटक* पनि आएको छ ।

त्यहाँ पहिलो पटक

षण्डस्तु गोपतिः श्रीमान् डङ्क इट्चर** ईश्वरः ।।

(३।४।५३)

* हुनत *वैजयन्ती*मा षण्ड शब्द अर्को एक पटक पनि

यस्तु नीलवृषोत्सर्गः स षण्डो वृषपूतनः ।

(३।६।१२२)

भनेर आएको छ । तर यहाँ षण्ड शब्द स्वतन्त्र रूपमा आएको नभई विशेष्यको रूपमा आएकोले यसलाई गणना नगरिएको हो ।

** हरगोविन्द शास्त्रीकोमा (४० पृष्ठ) इट्चर छापिएको छ । त्यो अशुद्ध हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शण्ढषण्ढौ तु सौविदे ।

बन्ध्यपुंसीट्चरे क्लीबे[६]

[शण्ढ र षण्ढ शब्द कञ्चुकीमा, सन्तान नभएको लोग्नेमान्छेमा, साँढेमा र नपुंसकमा पनि लाग्छ ।]

भनी साँढेको पर्यायमा र

उद्भिज्जानां तु षण्डोऽस्त्री

(५।१।५)

भनेर घारी वा थुप्रोको अर्थमा पनि आएको छ ।

सुङ्गुरको पर्यायमा षण्ड शब्द *वैजयन्ती*मा कतै आएको छैन । *अमरकोष*मा आएको† *विट्चर* शब्दको सट्टा त्यहाँ *विट्चार* शब्दले सुङ्गुरलाई बुझाएको देखिएको छ–

विट्चारो ग्रामसूकरः ।

(३।४।७१)

यस कारण *वैजयन्ती*को षण्डौ *विट्चरपण्डकौ* भन्ने पाठमा कन् शङ्का बढ्न गएको छ ।

साँढेलाई इट्चर शब्दले बुझाएको कुरा *वैजयन्ती* र *अमरकोष*‡लगायत अरू कोषबाट बुझिएकोले र षण्ड शब्दले *विट्चर* [सुङ्गुर]लाई बुझाएको नदेखिएकोले *वैजयन्ती*का दुवै सम्पादकले षण्डौ *विट्चर-पण्डकौ* पाठ छपाए पनि त्यो पाठ अपपाठ हो भन्ने ठहर्‍याई षण्डौको औदेखि इट्चरको इ पर भएमा औको ठाउँमा आव् आदेश भई बनेको षण्डाविट्चरपण्डकौ शुद्ध पाठ हो भन्ने ठानी पाठ सच्याउने साहस गरेको हुँ ।

६. *अनेकार्थसङ्ग्रह* २। १३३ ।

[वि. सं. २०२६ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, जगन्नाथ शास्त्री होशिङ्ग, घनानन्द पाण्डेय र जनार्दन ज्योतिर्वित्को *श्रीहेमचन्द्राचार्यविरचितः अनेकार्थसंग्रहो नाम कोशः* [श्रीहेमचन्द्राचार्यले बनाएको अनेकार्थसंग्रह भन्ने कोश]को १२ पृष्ठ]

†विट्चरः सूकरो ग्राम्यः

(*अमरकोष* २।१०।२३)

‡षण्डो गोपतिरिट्चरः ॥

(*अमरकोष* २।९।६२)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी हेमचन्द्रको *अनेकार्थसङ्ग्रह*मा शण्ढ र षण्ढ रूप दिइएका देखिएकोले शण्ढ र षण्ढ उतिकै चलेको सिद्ध हुन्छ ।

यहाँसम्मका कुराबाट नपुंसकको अर्थमा शण्ड, शण्ढ, षण्ड र षण्ढ यी चारै रूप चलेका छन् भन्ने कुरा बुझिएको छ ।

यस कारण शण्ड, शण्ढ र षण्ड रूप छोडेर *अमरकोष*को उद्धरण गर्दा षण्ढ रूप मैले किन लिएँ भन्ने प्रश्न यहाँनिर उठ्न सक्छ ।

यस लेखको सिलसिलामा मैले *अमरकोष*का १३ थरी संस्करण[७] हेरेको छु । तिनमा सात थरीमा उठानमा ष

७.१. वि. सं. १९१७ मा काशीबाट गुरुपुरोहित तीर्थराज पण्डितको सहायताले प्रकाशित, गोविन्द शर्माको *माहेश्वरी* टीकासहितको *अमरकोश द्वितीय काण्ड व्याख्या* (लियोग्राफ) ।

२. वि. सं. १९५७ मा कलिकाताबाट प्रकाशित, जीवानन्द विद्यासागरको *अमरकोषः । श्रीमदमरसिंहविरचितः* [श्रीमान् अमरसिंहले बनाएको अमरकोष] को तेस्रो संस्करण।

३. वि. सं. १९६४ मा मुम्बईबाट गभर्नमेन्ट सेन्ट्रल बुक डिपोद्वारा प्रकाशित, वामनाचार्य झलकीकरको *नामलिङ्गानुशासनं नाम कोशः । अमरसिंहविरचितः । तलेकरोपाह्वरघुनाथशास्त्रिणा प्रपञ्चितया महेश्वरकृतामरविवेकाख्यटीकया समन्वितः* [रघुनाथ शास्त्री तलेकरले बढाएको, महेश्वरले बनाएको अमरविवेक भन्ने टीकाले सहित भएको, अमरसिंहले बनाएको नामलिङ्गानुशासन भन्ने कोश] ।

४. क्षीरस्वामी र सर्वानन्दका टीकासहितको *अमरकोष* ।

५. काशीबाट ढुण्डिराज हृषीकेश शर्माद्वारा प्रकाशित, कुलचन्द्र शर्मा गोतामेको *अमरकोशः* ।

६. वि. सं. १९८४ मा भार्गवपुस्तकालयद्वारा प्रकाशित, रामेश्वरदत्त शर्माको *अमरकोष* ।

७. *व्याख्यासुधा (रामाश्रमी)*सहितको *अमरकोष* ।

८. वि. सं. १९९३ मा प्रकाशित कुलचन्द्र गौतमको *अमरकोशः* ।

९. वि. सं. १९९४ मा काशीबाट मास्टर खेलाड़ीलाल ऐण्ड सन्स्द्वारा प्रकाशित, मन्नालाल 'अभिमन्यु'को *श्रीमदमरसिंहप्रणीतः अमरकोषः* [श्रीमान् अमरसिंहले बनाएको अमरकोष] ।

१०. वि. सं. २०१७ मा काठमाडौँबाट लक्ष्मीनाथ गौतमद्वारा प्रकाशित, बालकृष्णाचार्यको *विद्वच्छिरोमणि साहित्याचार्य पं. कुलचन्द्र गौतम कृत संक्षिप्त टिप्पणि तथा परिशेष सहित विक्रम सं. १९९३ सालमा प्रकाशित पुस्तक को आधारमा अमरकोशः* ।

११. वि. सं. २०२६ मा मुम्बईबाट निर्णयसागर प्रकाशनद्वारा प्रकाशित *अमरकोषः संक्षिप्तमाहेश्वर्या टीकया टिप्पण्या च समेतः* [छोटकरी माहेश्वरी टीका र टिप्पणीसमेत भएको अमरकोष]को दशौँ संस्करण ।

१२. वि. सं. २०२६ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित, कुलचन्द्र शर्मा गौतमको *अमरकोशः विद्वद्वरामरसिंहविरचितः* [विद्वान्हरूमा श्रेष्ठ अमरसिंह लेबनाएको अमरकोश ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तथा बँठानमा ढ[८] भएको रूप दिइएकाले मैले माथि मूल लेखमा *अमरकोष*बाट उद्धरण गर्दा षण्ढ रूप लेखेको हुँ।[९]

*टीकासर्वस्व*को हकमा चाहिँ माथि मूल लेखमा उद्धरण गरिएको त्यस पुस्तकको अंशमा षण्ड[१०] छापिएकोले त्यही मैले सारेको हुँ।[११]

※

---

१३. वि. सं. २०२८ मा अड्यारबाट दि अड्यार लाइब्रेरी यान्ड रिसर्च सेन्टरद्वारा प्रकाशित, ए. ए. रामनाथन्को *अमरकोश [१] विथ् दि अन्पब्लिश्ड् साउथ् इन्डिअन् कम्एन्टरीज् अमरपदविवृति अफ् लिङ्गयसूरिन् यान्ड् दि अमरपदपारिजात अफ् मल्लिनाथ* [लिङ्गयसूरिन्को अमरपदविवृति र मल्लिनाथको अमरपदपारिजात भन्ने अप्रकाशित दक्षिण भारतीय टीकासहितको अमरकोशको पहिलो खण्ड]।

८.१. गोविन्द शर्माकोमा षंढ (३९ ख, ६० ख पत्र)।

२. वामनाचार्य झलकीकरकोमा षण्ढ (१४०,१८२ पृष्ठ)।

३. कुलचन्द्र शर्मा गोतामेकोमा षण्ढ (२०१, २५४ पृष्ठ)।

४. रामेश्वरदत्त शर्माकोमा षण्ढ (९७ पृष्ठ), षण्ढ (१२७ पृष्ठ)।

५. मन्नालाल 'अभिमन्यु'कोमा षण्ढ (१२८, १७४ पृष्ठ)।

६. बालकृष्णाचार्यकोमा षण्ढ (१२२, १५७ पृष्ठ)।

७. कुलचन्द्र शर्मा गौतमकोमा षण्ढ (११९, १४७ पृष्ठ)।

९.१. जीवानन्द विद्यासागरकोमा शण्ढ (६८, ९० पृष्ठ)।

२. क्षीरस्वामी र सर्वानन्दका टीकासहितकोमा *शण्ड* (दोस्रो भागको २९४ पृष्ठ), *शण्ढ*, (तेस्रो भागको ५७ पृष्ठ)।

३. *व्याख्यासुधा (रामाश्रमी)* सहितकोमा *शण्ढ* (२१५, २६९ पृष्ठ)।

४. कुलचन्द्र गौतमकोमा षण्ढ (९२ पृष्ठ), शण्ढ (१२१ पृष्ठ)।

५. निर्णयसागर प्रकाशनकोमा षण्ढ (१०२ पृष्ठ), *शण्ढ* (१२९ पृष्ठ)।

६. रामनाथन्कोमा षण्ड (३८४, ४८८ पृष्ठ)

१०. क्षीरस्वामी र सर्वानन्दका टीकासहितको *अमरकोष* तेस्रो भागका ५७–५८ पृष्ठ।

११. अरू परिशिष्ट *पूर्णिमा*को ६७ अङ्कमा छापिनेछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पालपाली राजा गन्धर्व सेनको अप्रकाशित पत्र

–दिनेशराज पन्त

श्रीराम[१]

श्रीभवानीरीषीकेसौ जयतः

श्रीमाहाराजा मानीक सेन

१. स्वस्ती श्रीरुपनारायनेत्यादीवोवीधवीरुदावली-
२. वीराजमानमानोन्नतश्रीमाहाराजाधीराजश्रीश्री-
३. श्रीमद्गंधर्व[१]सेनदेवानां सदा समरवीजइ (नाम्)
४. – – – सेन गोवीन्दमनी उपाध्याके कुसबृत्ता-
५. के दीहल रहलसे हम ब्रह्मपती उपाध्याके स-
६. दतथी दीहल. रुवसाकोट गोठादीषोला तवेस
७. रुवटमह भलकोन गाव १ समेत सुर्यग्रहनम-
८. ह कुसबृत्ताकै दीहल. तल्ला पूकानास्तीके-[२]
९. सकै दीहल. पुर्व वरचंडचाहानीकै भंज्याग प-
१०. छीव वर ठेगुरा पेइदीकै षोला उत्तर दषीन पा-
११. नीढार लेककै साधकै दीहल. हीदु हौइकैके-
१२. लै तोगा षाइ तुरुकलैकै वोलैनो सुवर षा-
१३. इ. संवत् १७८३ कात्तीकसुदी १० रोज २ मुका-
१४. म पालपा सुभम् ____________

[प्रशस्ति शुरू हुनुभन्दा अगाडि छाप लगाइएको छ।

पाल्पा जगात गोठादी भर्लेका श्रीगोपालप्रसाद काफ्लेको सौजन्यबाट उहाँको सङ्ग्रहमा रहेको सकल पत्रबाट मैले नकल लिएको हुँ।]

---

१. मूलमा श्रीमद्गंधर्वको द्गं जोडेर लेखिएको छ।

२. कीराले खाएकोले एक अक्षर बुझ्न सकिएन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री ५ पृथ्वीनारायण शाहको नीतिज्ञताको थप उदाहरण

–दिनेशराज पन्त

वि. सं. १८०१ मा नुवाकोट आफ्नो हात पार्न सफल भएका[1] श्री ५ पृथ्वीनारायण शाह नुवाकोटबाट साढे सात कोसको फरकमा रहेको काठमाडौँ २४ वर्षको अनवरत परिश्रमपछि वि. सं. १८२५ मा मात्र आफ्नो बनाउन सफल भएका थिए ।[2] यति कुराबाट पृथ्वीनारायण शाहले फौजको भरबाट मात्र मुलुक बढाएका नभई अरू उपाय पनि गरेका थिए भन्ने कुरा हाम्रो मनमा खेल्न जान्छ ।

आफूले भरखरै जितेको मुलुकमा कस्तो व्यवहार गर्नुपर्छ भन्ने विषयमा भारतीय राजनीतिको मुख्य ग्रन्थ *कौटलीय अर्थशास्त्र*मा यस्तो लेखिएको छ–

नवमवाप्य लाभं परदोषान् स्वगुणैश्छादयेत् ।।५।।
देशदैवतसमाजोत्सवविहारेषु भक्तिमनुवर्तेत ।।११।।
चरित्रमकृतं धर्म्यं कृतं चान्यैः प्रवर्तयेत् ।
प्रवर्तयेन्न चाधर्म्यं कृतं चान्यैर्निवर्तयेत् ।।३३।।

(*कौटलीय अर्थशास्त्र* १३ अधिकरण ५ अध्याय)

[नयाँ राज्य पाएर शत्रुका दोषलाई आफ्ना गुणले ढाकिदिनू । देशका देवता, जात्रा, चाडबाड, उत्सव, खेलहरूमा भक्ति देखाउनू । धर्म हुने असल काम आफूले पनि गर्नू, अरूले गरेको पनि थामिदिनू । अधर्म हुने खराप काम आफूले पनि नगर्नू, अरूले गरेको पनि रोकिदिनू ।][3]

कौटल्यका यी सूत्रको पृथ्वीनारायण शाहले राम्ररी पालना गरेको देखिन्छ । पृथ्वीनारायण शाहको पालामा *कौटलीय अर्थशास्त्र*को पठनपाठन नभए तापनि[4] आफ्नो स्वाभाविक प्रतिभाले गर्दा राजनीतिको मर्म बुझ्न पुगेका

---

१. वि. सं. २०२५ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का ७२०–७२१ पृ. ।

२. ऐजन ८७९ पृ. ।

३. ऐजन ९८२ पृ. ।

४. वि. सं. २०३८ मा काठमाडौँबाट प्रमुख संवाद सचिवालय राजदरबारद्वारा प्रकाशित रमझम १७ वर्षमा छापिएको दिनेशराज पन्तको *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको पुरानो स्थितिको रक्षा गर्ने नीति* भन्ने निबन्ध, सो अङ्कको १० पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृथ्वीनारायण शाहले आफ्नो अधिकारमा आएका प्रदेशका देवदेवता, चाडबाडमा श्रद्धाभक्ति देखाउने; तिनका गूठी थामिदिने; तिनका गूठी बढाइदिने गरेका निकै उदाहरण पाइन्छन्।[५]

काठमाडौंका पछिल्ला मल्ल राजा जयप्रकाश मल्ललाई खर्च चलाउन धौधौ हुँदा उनले आफ्नो राज्यभित्रका मूर्ति चोर्न लगाएर देवस्व मास्ने गरेका थिए, त्यस्तो कामबाट धर्मप्राण दुनियाँमा खराप असर पर्न गई प्रकृतिकोप हुन गएको थियो। आफ्नो हातमा ती प्रदेशको शासन आउनेबित्तिकै पृथ्वीनारायण शाहले त्यो काम रोकिदिएका थिए।[६] यसरी पृथ्वीनारायण शाहले आफूले जितेका प्रदेशमा उदारता देखाउँदै त्यहाँका दुनियाँलाई आफ्नो हातमा लिने गरेका थिए। पृथ्वीनारायण शाहले गरेको त्यस्तै उदारताको नौलो उदाहरण हालसालै पाइएको छ। यस कारण त्यसबारे केही लेख्नुपरेको छ।

*भाषावंशावली*मा जयप्रकाश मल्लको अन्त्यकालको विषयलाई लिएर यस्तो लेखिएको छ–

> जयप्रकाश मल्ललाई बेथा साह्रो हुँदा मार्गवदि ५ रोज ५ को दिन बिहानै श्रीपशुपति लैजाई राजा जयप्रकाश मल्ललाई श्रीमहाराज पृथ्वीनारायण शाहबाट क्या कुरा माग्छौ, दानपुण्य भन्या पनि म गराइदिउँला भनी हुकूम हुँदा जयप्रकाश मल्लले छाता जुत्ता मात्र मागी दान गरी नेपाली संवत् ८९१ मार्गवदि ७ रोज ६ का दिन आर्यघाटमा प्राणत्याग गरी श्रीपशुपति अघोरनाथमा मिल्न गया भनी भन्न लाग्या।[७]

*भाषावंशावली*को यस बयानबाट जयप्रकाश मल्लको अन्त्यकालको इच्छा पृथ्वीनारायण शाहले पुऱ्याइदिएको देखिन्छ। यसरी आफ्ना शत्रु राजाउपर पनि पृथ्वीनारायण शाह उदारता देखाउँथे भन्ने स्पष्ट हुन्छ।

कौसी तोशाखानामा रहेको वि. सं. १९९९ को अप्रकाशित पत्रबाट पृथ्वीनारायण शाहले जयप्रकाश मल्लउपर देखाएको उदारताको विषयमा अझ बढी प्रकाश पर्ने हुनाले सो पत्र तल दिइन्छ—

> कौशी तोषाखानाका हाकिम कारोन्दाले पुर्जि हेरी राजा जयप्रकास मल्लका श्राद्धलाइ सालको मोहरु १६। खर्च र मैन्हाको मोहरु २५। का दर्ले बज्यैलाइ भत्तास्मेत शर्कारबाट बक्सेको हाल यही ज्येष्ट मैन्हामा बज्यै पर्लोक भएकी र हामिहरुको बाबु मरी आमा मात्र भयको टुहुरो नाबालख र राजा जयप्रकास मल्लका छोरातर्फका सन्तान हुं निग्हाले बज्यैले पाय सन्ह श्राद्धखर्च मैन्हावारी भत्तास्मेत पाउं भनी ललितपुर मंगलटोल बस्ने नाबालख रामशरण मल्ल १ बद्री मल्ल १ स्मेत २ जनाले ठाडो बिन्ति चढाउं दा ब्यहोरा सांचो भया बुझी इनीहरुका बज्यैले पाय सन्ह मैन्हाको रु २५। भत्ता र राजा जयप्रकास

---

५. *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*का ५३६–५३७, ९१४, ९८१–९८३, १०३५–१०३६, १०६३–१०६६, १११४–१११५ पृ.।

६. ऐजन ८२८–८३० पृ.।

७. ऐजन ८९५–८९६ पृ.।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मल्लका श्राद्धलाइ सालको मोहरु १६ स्मेत इनीहरुले पाउने गरी जो चाहीने शनद गरीदिनु भन्ने हामी श्री ३ महाराजबाट हुकूम बक्सेको बिन्तिपत्रनिक्सारीले मुलुकी अडा पुर्जिफांट्मा लेखि पठायबमोजिम बुझी पाया नेपाली राजा जयप्रकास मल्लका सन्तान बेटीमाया मल्लेनीके मैन्हावारी भत्ता बर्ख १ को मोहरु ३००। राजा जयप्रकास मल्लका पारवणश्राद्धके कौशीबाट यकै पटक पाउने मोहरु १६। स्मेत बर्ख १ को जम्मा मोहरु ३१६। का दर्ले पाउने गरी दरीयाकोमा निज बेटीमाया मल्लेनी ९९ साल ज्येष्ट १४ गते मरेको नीजका लोग्ने विष्णुप्रसाद मल्लका धर्मपुत्र टंकबहादुर मल्लका छोरा रामसरण बद्री मल्ल भन्नेस्मेत २ जना भयाको निज टङ्कबहादुरको धर्मपुत्रको कागज भयाको ९० सालका भुकम्पमा परी बेपत्ता भयाको भया पनी बाबुतर्फको अंश छाडी धर्मपुत्र हुन आयाको भन्नेस्मेत ललितपुरअदालतमार्फतबाट सरजमीनको मुचुल्का भै आयको ब्यहोरास्मेत जाहेर हुदा ज्यूताभरलाइ थामिदिनु भन्ने हामिबाट हुकूम बक्सेबमोजिम नेपाली राजा जयप्रकास मल्लका सन्तान विष्णुप्रसाद मल्लका जाहान बेटीमाया मल्लेनीलाइ बर्ख १ को मोहरु ३००।का दर्ले दरीयाको भत्ता मरेका मिति ९९ साल ज्येष्ट १४ गतेदेखि खारेज गरी सोही मितिदेखि पाउने गरी निज बेटीनानीका धर्मपुत्र टङ्कबाहादुर मल्लका छोरा रामशरण मल्ल र बद्री मल्लका नाम्मा मैन्हावारी बर्ख १ को मोहरु ३००। तिन सयका दर्ले भत्ता र राजा जयप्रकास मल्लका पार्वणश्राद्धके बर्ख १ को यकै पटक मोहरु १६। सोन्ह रुपैयाका दर्ले पाउने गरी दरीयाको स्मेत नीज रामशरण र बद्री मल्लस्मेतका ज्यूताभरसम्म पाउने गरी बक्सेको छ. भत्ता कम्याण्डरी किताबमा दर्ता गरीदिनु भन्ने कम्याण्डरी किताबखाना दर्ताफांटका नाम्मा शनद भै जाने हुनाले श्राद्धखर्च साबोक्बमोजिम र भत्तालाइ कम्याण्डरी किताबखानाका छाप लाग्येका रिपोट् शदरबमोजिम अँन सवाल शनदको रित पुऱ्याइ खर्च लेखिदिने काम गर.

इति संम्वत १९९९ साल भाद्र २५ गते रोज ५^८ शुभ्मं

---

८. वि. सं. १९९९ भाद्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
भाद्र	२५	बृहस्पति	औंसी	३७।५०

(पात्रोबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(फिनारामा)

सदर ९९ भाद्र २९ गते २^६ शुभं

यस पत्रबाट जयप्रकाश मल्लको श्राद्धको लागि फौसी तोशाखानाबाट प्रतिवर्ष रकम दिइने गरेको रहेछ भन्ने बुझिन्छ । यसरी जयप्रकाश मल्लको मृत्यु भएको वर्ष वि. सं. १८२६ भन्दा[१०] डेढ सय वर्षभन्दा पछिसम्म पनि उनको श्राद्धको लागि सरकारी रकम दिइँदै आएको कुरा स्पष्ट हुन्छ ।

श्री ५ पृथ्वीनारायण शाहले विजित पक्षउपर देखाएका उदारतामध्येको थप यस उदाहरणले राजनीतिको मर्म उनले राम्ररी बुझेका थिए भन्ने स्पष्ट हुन्छ । यस्तै काम गरेर दुनियाँको मन जित्दै जान सकेकाले नै पृथ्वीनारायण शाह आफ्नो राज्य बढाउने काममा विभिन्न विघ्नबाधा आए तापनि सफल हुन सकेका हुन् भन्ने कुरा यस प्रसङ्गमा स्मरणीय छ ।

पालपाली राजा महादत्त सेनले रणमर्दन सेनलाई कज्याइँ भारा दिई वि. सं. १८४५ मा गरिदिएको ताम्रपत्र

— महेशराज पन्त

लन्डनको ब्रिटिश म्युजियममा रहेका ताम्रपत्रहरूको विषयमा अल्बर्टीन गौरले लेखेको *इन्डिअन् चार्टर्ज् अन् कप्अर् प्लेट्स् इन् द डिपार्टमेन्ट् अफ् अरइएन्न्ट्अल् म्यान्युस्क्रिप्ट्स् यान्ड् प्रिन्टड् बुक्स्* [पूर्वका लेखोट र छापा पुस्तकको विभागमा रहेका भारतीय ताम्रशासन] भन्ने पुस्तक वि. सं. २०३२ मा लन्डनबाट ब्रिटिश म्युजियम पब्लिकेशन्ज लिमिटेडद्वारा प्रकाशित भएको छ ।

त्यहाँ नेपालको इतिहासमा काम लाग्ने एउटा ताम्रपत्रको फोटो पनि छपाइएको छ । पाठ भने दिइएको छैन । त्यसैले त्यस फोटोको आधारमा पाठ पढी सो ताम्रपत्रको नकल यहाँ दिएको छु–

---

९. वि. सं. १९९९ भाद्रशुक्ल

	गते	वार	तिथि	घडी पला
भाद्र	२९	सोम	चतुर्थी	२९।२६

(पात्रोबाट)

१०. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ८९५–८९७ पृ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीभवानिहृषिकेशौ जयतः

पत्र सही

(छापमा)

स्वस्ति श्रीसदासिवचरणमन्माहादतसेनबहादुरदेवाना

१. स्वस्ति श्रीश्वरचरणस्मरणपूर्वकरूपनारायणेत्यादीविविध-
२. विरुदावलिविराजमान्मानोत्मत्श्रीमन्माहाराजधिरा-
३. जश्रीश्रीश्रीमन्माहादत्तसेनबाहादुरदेवानां सदा स-
४. मरविजेनां ══════
५. आगे काजि रणमर्द्दन्सेनके मदेस प्रवत जाहाले पल-
६. पाकै राज है ताहा लेके कज्याइ भा।रा बृत्ता कंके दीहल
७. पुस्त दरपुस्तले जवताइ हमार संतत रहे वो काजिकै
८. संतत रहे तवले कज्याइ भारा करे मामुली षायन क-
९. ज्याइकै षाय सर्व आक मेट् सइ मदेस प्रकासे ली-
१०. हल कर षुसी षात्रीज्मासे कज्याइकै कामकैल करे
११. इति श्रीताम्रपट्ट सम्वत १८४५ साल आषाडक्रुस्न

(मारफत श्रीकृसन पंडित)

(बायाँपट्टि फट्केमा)

१. १३ रोज ७ मु-
२. काम पाल-
३. पा शुभ्म[1]

पाल्पाका राजा महादत्त सेनले काजी रणमर्दन सेनलाई कज्याइँ भाराबापत पाल्पाको राजभर मधेस पर्वत जहाँ मन पर्छ, त्यहाँ छानेर बिर्ता लिने अधिकार दिएको कुरा यस ताम्रपत्रबाट बुझिन्छ। हाम्रा सन्तान दरसन्तानले काजीका सन्तान दरसन्तानलाई कज्याइँ दिंदै रहनू भन्ने कुरा पनि यस ताम्रपत्रमा लेखिएको छ। यसरी कज्याइँ भाराबापत पाएको बिर्तामा सबै प्रकारका कर माफ गरिएको कुरा पनि यस ताम्रपत्रबाट बुझिएको छ।

जस्वर्टीन गौरको सो पुस्तकको ११ पृष्ठमा यस ताम्रपत्रको विषयमा यस्तो लेखिएको छ–

इन्ड्. च्. १८

वन् कप्अर् प्लेट् (२६. ५ × १६ सीएम्. । सी पी. १२)।

---

१. १२ पृष्ठमा यस ताम्रपत्रको फोटो छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द ल्याङ्ग्विज् इज् हिन्‌डी । द ग्रान्ट् वज् इस्‌युड् बाइ द *महाराजाधिराज* माहादत्त सेन बहादुर् । इट् कन्फर्म्स् दि अफ्‌इस् अफ् हिरेड्इटरि जज् (काज़ी) यान्ड् द पजेश्अन् अफ् ए टेन्थ् अफ् द ल्यान्ड्ज् अफ् पल्पा अन् रण मर्दन सेन । द टप् अफ् द कप्‌अर् प्लेट् इज् इन्स्क्राइब्ड् विथ् द लेज्अन्ड् *श्रि-भवानि-हृषिकेशौ जयतः* १; अन्डर्नीथ् इज् रिट्‌न् *पत्र सही* । देन् फल्ओज् ए सर्कल् (६·५ सीएम्. डाइयामइटर्) फन्टेन्इङ्ग् द लेज्अन्ड् *स्वस्ति श्री सदसिव-चरण-मन्-माहादतसेन-बहादुर-देवाना* [सिक्], सराउन्ड्इड् बाइ भेर्इअस् सिम्बल्ज् । बिलो इट्, इन् करप्ट् स्यान्स्क्रिट्, कम्ज् द प्रीयाम्बल् *स्वस्ति श्रीश्वर-चरण-स्मरण-पूर्वक-रूपनारायनेत्यादी-विविध-विरुदावलि - विराजमान्मानो भत् श्रीमन्-माहाराजधिराज-श्री-श्री-श्रीमन्- माहादत्त-सेन-बाहादुर-देवानां सदा समर-विजैनाम्* [सिक्] । देन् फल्ओज् दि याक्ट्युअल् ग्रान्ट् रिट्‌न् इन् हिन्‌डी ह्विच् इज् डेट्इड् *सम्वत् १८४५, आषाढ कृष्ण १३, रोज् ७* (ए.डी. १७८९ ?) । द ग्रान्ट् वज् डून् अप् बाइ श्रीकृष्ण पण्डित याट् पाल्पाग्रम्म (सिक्) ।

[१८ संख्याको भारतीय शासन

एउटा ताम्रपत्र (१३·९ × ८·४ अङ्गुल । १२ पृष्ठ हेर) ।

भाषा हिन्दी छ। त्यो बकसपत्र महाराजाधिराज माहादत्त सेन बहादुर्ले जारी गरेको हो । पुख्यौली न्यायाधीश [काजी] को दर्जा र पल्पाको दश खण्डको एक खण्ड जग्गाको अधिकार यसद्वारा रणमर्दन सेनलाई दिइएको छ । त्यस ताम्रपत्रको सबभन्दा माथि श्रि[२]भवानिहृषिकेशौ जयतः १ भन्ने लेख कुँदिएको छ; त्यसको तल पत्र सही लेखिएको छ । थरीथरीका चिह्नले घेरिएको, स्वस्ति श्री सदसिव[३]-चरण-मन्-माहादत-सेन बहादुर-देवाना (यस्तै छ) भन्ने लेख भएको वृत्त (३·३ अङ्गुल व्यास) त्यसपछि आउँछ । अशुद्ध संस्कृतमा स्वस्ति-श्रीश्वर-चरण-स्मरण-पूर्वक-रूपनारायने[४]त्यादी-विविध-विरुदावलि-विराजमान्मानो भत्[५] श्रीमन्-माहाराजधिराज -श्री-श्री-श्रीमन्-माहादत्त-सेन-बाहादुर-देवानां सदा समर-विजैनाम्[६] (यस्तै लेखिएको छ) भन्ने शिरबेहोरा यसको तल आउँछ। हिन्दीमा लेखिएको बकसपत्रको पेटबोली त्यसपछि आउँछ । त्यसको मिति संवत् १८४५, आषाढकृष्ण १३, रोज ७ [ई. सं. १७८९ ?] छ। त्यो बकसपत्र श्रीकृष्ण पण्डितले पाल्पाग्रम्ममा[७] (यस्तै लेखिएको छ) तयार गरेका हुन् ।]

पाल्पाको दश खण्डको एक खण्ड जग्गाको अधिकार रणमर्दन सेनलाई दिएको कुरा यस ताम्रपत्रमा लेखिएको छ भनी अल्बर्टीन गौरले लेखे तापनि ताम्रपत्रको बेहोराबाट त्यस कुराको गन्धसम्म पनि आउँदैन । फेरि अर्को कुरा उनले वि. सं. १८४५ आषाढलाई ई. सं. मा परिवर्तन गर्दा १७८९ ? लेखेकी छन् । तर यो ताम्रपत्र आषाढको भएकोले यसलाई ई. सं. मा बदल्दा अल्बर्टीन गौरले गरे जस्तो १८४५ मा ५६ नघटाई ५७ घटाउनुपर्छ र १८४५ मा

२. मूलमा श्री छ ।
३. मूलमा सदासिव छ ।
४. मूलमा °नारायणे° छ ।
५. मूलमा विराजमान्मानोत्मत् छ ।
६. मूलमा विजंनां छ ।
७. मूलमा पुछारमा लेखिएको पालपा शुम्भलाई पालपाग्रम्म पढी गौरले गलती गरेकी छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मा ५७ घटाउँदा १७८८ हुने भएकोले उनले धरमर भई बनाएको ई. सं. पनि अशुद्ध भएको छ । अनि भन्नुपर्ने अर्को कुरा के छ भने श्रीकृष्ण पण्डितले ताम्रपत्रको बेहोरा लेखेका हुन् भनी उनले लेखेकी छन् । तर ताम्रपत्रको बेहोरा कसले लेख्यो भन्ने कुरा मूल ताम्रपत्रबाट आउँदैन, त्यसबाट त श्रीकृष्ण पण्डितमार्फत यो ताम्रपत्र महादत्त सेनले जारी गरेका हुन् भन्ने मात्र बुझिन्छ।

जे भए पनि वि. सं. १९४४ मा ब्रिटिश म्युजियममा दर्ता भएको[८] यस ताम्रपत्रको फोटो अल्बर्टीन गौरले छपाइ-दिएकी हुनाले पाल्पाको इतिहासमा केही प्रकाश पर्न गएको छ भन्ने कुराचाहिँ हामीले कृतज्ञ भई मान्नुपर्छ ।

वि. सं. १९०० मा पुच्छ्रे तारा देखिएको कुरा परेको अप्रकाशित पत्र

—दिनेशराज पन्त

श्री ८

श्री ५ सर्कार

१. अर्जि - - - - - - - - - - - - - - - - - - -

२. उप्रान्त मोषतियार चौतरिया साहेबबाट सहर कान्तिपूरदेषि नैरित्य दिसामा धुम्रकेतु देषियाको ९ दिन भयो. ताहां कलकतामा देषियो देषिये-

३. न. यसलाई ताहां क्या भन्छन्. कस्तो हो. सबे बिस्तार ‾ ‾ ‾१ ‾मा बिन्ति गरि पठावन्या काम गर भनि लेषि पठावनुभयेछ. याहां हामि-

४. ले फालगुनशुक्ल ६ का दिन सध्याका बषतमा नैरित्य दिसामा देष्यु. यहां षगोलविद्या जान्न्या अंरेजहरुसित सोध्यदा यस तारा-

५. लाई हामी कामेट भन्छौं. आजसम्म एके सैं सोरह कामेट कोई ठुला कोई साना देषियाको हवाल हाम्रा किताबमा लेष्याको छ भ-

---

८. अल्बर्टीन गौरको सोही पुस्तकको इन्ट्रडक्शन् [उपोद्घात] को १४ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६. न्छंन्. अर्बिमा कौकिबुल्जनव भन्छन्. कौकिबुल्लास पनि भन्छन्. बंगालिहरु धुम्र-
केतु न भन्छन्. यस तारालाई सुभो
७. असुभो तिर्मिहरुका किताबमा क्या लेष्याको छ भनि सोधदा प्रिथिवि र ताराहरु-
का गतिदेषि कामेटको विपरीत गति हुना-
८. ले कैल्हेकहि प्रिथिवि र कामेट नजिक पर्न जादा थोरै दिनसम्म देषिन्छ. सुभो
असुभो हाम्रा किताबमा केहि छैन. हामि मान्दा
९. पनि मान्दौन भन्न्या कुरा गर्छन्. याहां सोध्यपुछ गर्दा मालुम भयाका हवालको
बिन्ति चढाई पठायाको छ. आपना दर्माहा-
१०. को बिन्ति पैल्हेका अर्जिमा चढाई पठायाको हो. केहि हुकुम आएन. याहां रिन
कर्जावालाहरुले सार्‍है दिकदारि लाई राष्याछन्. ९९ साल पनि
११. गत भयो. दुई वर्षको दर्माहा बक्स्या गया हुर्मत बाचन्या पाठ हुदो हो. ईति सम्वत्
१९०० साल मिति वैसाषकृष्ण १ राज ७ शुभम् – – –
१२. सेवक लोकरमणोपाध्यायको वेदोक्त शुभआसिर्वाद-
१३. सहश्रम् – – – – – – – –

(खाममा एकातिर)

१. स्वस्ति श्रीश्रीश्रीश्रीश्रीमन्माहाराजाधिराजका
२. हजूरमा गूजरै शुभम् = = = = =

(खाममा एकातिर पछि लेखिएको)

पुछ्रेताराको षबर

(खाममा अर्कोतिर पछि लेखिएको)

१. १९०० साल मिति वैशाषवदि ९ रो १
२. दाषील

(छापमा)

श्री

लोकरमणोपा-

ध्याय सम्वत् १८९१

[देशी कागतमा लेखिएको यस पत्रको सकल परराष्ट्रमन्त्रालयको ८८ सङख्याको खाममा छ। छापमा फारसी लिपि पनि छ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४९

कार्यालय-

संशोधन-मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०४२ माघ

यस अङ्कको मूल्य रु. १५।-

मुद्रक—
लुम प्रेस
ख १, ३७३ काठमाडौं—१